# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## रत्ननगर नगरपालिका

चितवन




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## रत्ननगर नगरपालिका

### चितवन




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## रत्ननगर नगरपालिका

### चितवन

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनलय बागमती**

पत्र संख्याः २०७८।७९
च.नं. ११४ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुख ज्यू,
रत्ननगर नगरपालिका, नगरकार्यपालिकाको कार्यालय
चितवन ।

**कैफियत सहितको राय**

हामीले रत्ननगर नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू. १ करोड ९७ लाख ३० हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. ५लाख १८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ६९ लाख २७ हजार, नियमित गर्नुपर्ने रु.५७ लाख २१ हजार र पेश्की रु.६५ लाख ६३ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु. १३करोड ३२ लाख ६० हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.१४ करोड ४१ लाख १९हजार रहेको छ । नगरपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, मेयर र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(श्यामप्रसाद भण्डारी)
नायब महालेखापरीक्षक

रत्ननगर नगरपालिका, चितवन

# १. चालु वर्षको बेरुजु २०७८।७९

## १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ४३ | ७२ | १९७३० | ० | ० | ० | ४३ | ७२ | १९७३० | ५१८ | ५७२१ | ६९२७ | ० | ० | १२६४९ | ६५६३ |

## १.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

| क्र.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| | | प्रतिकृया प्राप्त नभएको | |

# २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| रत्ननगर नगरपालिका चितवन | १३३२६० | ० | ८८७१ | १२४३८९ | ० | १९७३० | १४४११९ |

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान: रत्ननगर नगरपालिका, चितवन ,

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | शिशिर पौडेल | २०७७-१०-२१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | कृष्ण प्रसाद सुवेदी | २०७७-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | १९,७२९,९९३ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | ४८,३९,२२,२१३.४३ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ५८,६४,९१,५३३.३३ | **चालु खर्च** | ५९,००,०८,००० |
| **प्रदेश सरकारबाट अनुदान** | ७,७९,३५,००० | **पूँजीगत खर्च** | ३६,४८,३७,००० |
| **राजश्व बाँडफाँट** | ३२,६२,९६,३२७.०५ | **वित्तीय/अन्य व्यवस्था** | ३८,२७,०३,२६२.८४ |
| **आन्तरिक आय** | ११,७८,१५,४४२.९ | | |
| **अन्य आय** | ४३,२०,५९,९४३.३४ | | |

| कुल आय | १,५४,०५,९८,२४६.६२ | कुल खर्च | १,३३,७५,४८,२६२.८४ |
|---|---|---|---|
| **बाँकी मौज्दात** | | ६८,६९,७२,१९७.२१ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१</td><td></td><td></td><td>परिचय<br><br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्दती सदृढिकरण मार्फत विधावयकी, कायाकारीणी र न्यायिक अभ्यास संस्थागत गरी स्थानीय सरकारको सञ्चालन गर्न नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारको सञ्चालन गर्ने कार्यमा सहकारिता, सहअस्तित्व र समन्वय प्रवर्धन गर्दै स्थानीय सरकारका काममा जनसहभागिता तथा उत्तरदायित्व प्रवर्धन गरी पारदर्शिता सुनिश्चित गर्नु नगरपालिकाको उदेश्य रहेको छ ।कुल क्षेत्रफल६८.६७ वर्ग किलोमिटर रहेको नगरपालिकामा १६ वडा तथा ८४ सभा सदस्य रहेका छन् भने जनसंख्या करिव ८३ हजार रहेको छ ।</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>संचितकोषको अवस्था<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम नगरपालिकाले प्राप्त गरेको आय अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनमा भएका आय-व्यय हिसावको आर्थिक वर्ष २०७८।७९ को कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।<br><br>
<table>
<tr><td rowspan="2">विवरण</td><td colspan="3">यस वर्ष रु.</td><td colspan="2">गतवर्ष रु.</td></tr>
<tr><td>बजेट</td><td>आफैले गरेको प्राप्ति/भुक्तानी</td><td>जम्मा</td><td>आफैले गरेको प्राप्ति/भुक्तानी</td><td>जम्मा</td></tr>
<tr><td>प्राप्ती (क+ख)</td><td>९८,९५,८१,४६८.६०</td><td>१,१५,१२,९८,६८५.६८</td><td>१,१५,१२,९८,६८५.६८</td><td>१,१०,३१,४८,३६७.८८</td><td>१,१०,३१,४८,३६७.८८</td></tr>
<tr><td>क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)</td><td>९५,२६,०३,०००.००</td><td>१,१३,७५,७४,००१.१८</td><td>१,१३,७५,७४,००१.१८</td><td>१,०८,१७,५३,१६२.८८</td><td>१,०८,१७,५३,१६२.८८</td></tr>
</table></td><td></td></tr>
</table>

| | | | | | |
|---|---|---|---|---|---|
| ११००० कर | २१,०८,७९,०००.०० | ३७,१३,६१,५८८.७५ | ३७,१३,६१,५८८.७५ | २९,९७,४३,२३४.३९ | २९,९७,४३,२३४.३९ |
| १३००० अनुदान | ६९,६४,३८,०००.०० | ६७,७०,४८,४०३.३२ | ६७,७०,४८,४०३.३२ | ७२,९४,९१,५२१.२० | ७२,९४,९१,५२१.२० |
| संघीय सरकार | ६०,१७,७७,०००.०० | ५८,६४,९१,५३३.३२ | ५८,६४,९१,५३३.३२ | ५८,९६,९३,४४६.२० | ५८,९६,९३,४४६.२० |
| प्रदेश सरकार | ८,४६,५१,०००.०० | ७,७९,३५,०००.०० | ७,७९,३५,०००.०० | ९,४२,५७,०००.०० | ९,४२,५७,०००.०० |
| अन्तरिक श्रोत | १०,०००.०० | ० | ० | २,६९,४५,२४८.०० | २,६९,४५,२४८.०० |
| बैदेशिक श्रोत | ० | ० | ० | ० | ० |
| जनसहभागिता | १,००,००,०००.०० | १,२६,२१,८७०.०० | १,२६,२१,८७०.०० | १,८५,९५,८२७.०० | १,८५,९५,८२७.०० |
| १४००० अन्य राजस्व | ४,५२,७६,०००.०० | ८,८८,०७,००९.११ | ८,८८,०७,००९.११ | ५,२१,४१,०३७.२९ | ५,२१,४१,०३७.२९ |
| १५००० विविध प्राप्ति | १०,०००.०० | ३,५७,०००.०० | ३,५७,०००.०० | ३,७७,३७०.०० | ३,७७,३७०.०० |
| ख. अन्य प्राप्ति | ३,६९,७८,४६८.६० | १,३७,२४,६८४.५० | १,३७,२४,६८४.५० | २,१३,९५,२०५.०० | २,१३,९५,२०५.०० |
| वितरण गर्न बाकी राजस्व | ० | ० | ० | ० | ० |
| कोषहरु | ३,६९,७८,४६८.६० | ३९,३२,४४२.०० | ३९,३२,४४२.०० | ८६,३६,९९६.०० | ८६,३६,९९६.०० |
| धरौटी | ० | ९७,९२,२४२.५० | ९७,९२,२४२.५० | १,२७,५८,२०९.०० | १,२७,५८,२०९.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | १,४७,७१,०५,८४७.६० | ९५,१६,२४,९९८.४५ | ९५,१६,२४,९९८.४५ | ८९,३८,४४,०४३.०७ | ८९,३८,४४,०४३.०७ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | १,४४,०१,२७,३७९.०० | ९५,४८,४६,०९०.४७ | ९५,४८,४६,०९०.४७ | ८७,२९,१५,६७९.०७ | ८७,२९,१५,६७९.०७ |
| २१००० पारिश्रमिक / | ३३,६५,००,०००.०० | २९,३९,७८,९१९.३९ | २९,३९,७८,९१९.३९ | २८,२७,६६,४५२.४५ | २८,२७,६६,४५२.४५ |

| | | | | | |
|---|---|---|---|---|---|
| सुविधा | | | | | |
| २२००० मालसामान तथा सेवाको उपयोग | ३२,१६,१९,३८४.०० | २१,९३,९१,७१०.५३ | २१,९३,९१,७१०.५३ | १६,७९,६८,६७१.१४ | १६,७९,६८,६७१.१४ |
| २४००० ब्याज, सेवा शुल्क तथा बैंक कमिशन | ५०,००,०००.०० | ० | ० | ५०,००,०००.०० | ५०,००,०००.०० |
| २५००० सहायता (Subsidy) | ५,९२,०९,०००.०० | ५,३५,४७,२९२.०० | ५,३५,४७,२९२.०० | ५,३५,४७,१४७.४९ | ५,३५,४७,१४७.४९ |
| २६००० अनुदान | ० | ० | ० | ३५,४८,८७४.०० | ३५,४८,८७४.०० |
| २७००० सामाजिक सुरक्षा | २,९५,६५,०००.०० | १,७८,८५,८५७.०० | १,७८,८५,८५७.०० | २७,५९,६१९.०० | २७,५९,६१९.०० |
| २८००० अन्य खर्च | ३,७४,००,०००.०० | ५२,०५,१२७.८२ | ५२,०५,१२७.८२ | ३५,८७,२३०.०० | ३५,८७,२३०.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | ६५,०८,३३,९९५.०० | ३६,४८,३७,१८३.७३ | ३६,४८,३७,१८३.७३ | ३५,३७,३७,६८४.९९ | ३५,३७,३७,६८४.९९ |
| घ. अन्य भूक्तानी | ३,६९,७८,४६८.६० | (३२,२१,०९२.०२) | (३२,२१,०९२.०२) | ८९,३८,४४,०४३.०७ | ८९,३८,४४,०४३.०७ |
| कोषहरु | ३,६९,७८,४६८.६० | ७०,८०,३६२.०० | ७०,८०,३६२.०० | १,३३,३२,६९९.०० | १,३३,३२,६९९.०० |
| धरौटी | ० | ७६,१०,८०१.०० | ७६,१०,८०१.०० | ७५,९५,६६५.०० | ७५,९५,६६५.०० |
| संघीय, प्रदेश | ० | ० | ० | ० | ० |

| | | | | | |
|---|---|---|---|---|---|
| सरकार वा अन्य कार्यक्रम | | | | | |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | (१,७९,१२,२५५.०२) | (१,७९,१२,२५५.०२) | | |
| ङ. यो वर्षको बचत (न्युन) | (४८,७५,२४,३७९.००) | १९,९६,७३,६८७.२३ | १९,९६,७३,६८७.२३ | २०,९३,०४,३२४.८१ | २०,९३,०४,३२४.८१ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | ३,३१,९२,१९२.२४ | ३,३१,९२,१९२.२४ | ३२,३७,९५,०७६.५७ | ३२,३७,९५,०७६.५७ |
| वर्षान्तको बाकी रकम (ङ + च) | (४८,७५,२४,३७९.००) | २३,२८,६५,८७९.४७ | २३,२८,६५,८७९.४७ | ५३,३०,९९,४०१.३८ | ५३,३०,९९,४०१.३८ |
| बैंक तथा नगद बाकी | | २३,३८,६१,६७५.४७ | २३,३८,६१,६७५.४७ | ६०,३८,१२,९१६.८५ | ६०,३८,१२,९१६.८५ |

३

**लेखापरीक्षणको क्रममा असुली**

लेखापरीक्षणको क्रममा प्राविधिक धार सन्चालित विधालयमा बढी निकासा भएको प्राविधिक भत्ता वापतको रु ३६०००।०० लगायत रु.४६४१८।०० असुल भई दाखिला भएको छ ।

४

**वैक खातामा फरकः**

पालिकाले वर्तान्तरको अन्तिममा देखिएको वैक स्टेटमेण्ट तथा खातामा देखिएको फरक सम्वन्धमा वैक र खातामा २३४६५१२८७।०० फरक देखिएको सम्वन्धमा एकिकृत वित्तीय विवरण तयार गरी पेश गरेको छ ।

५

**कानून तर्जुमा तथा कार्यान्वयनः**

स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १०२ बमोजिम स्थानिय तहले आफनो अधिकार क्षेत्र भित्र रहि विषयगत ऐन बनाउन तथा सो को

| | | | | |
|---|---|---|---|---|
| | | | अधिकार क्षेत्र भित्र रहि आवश्यक्ता अनुसार नियम निर्देशिका कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन पाउने व्यवस्था रहेको छ सोहि अनुसार कार्यालयले हालसम्म बनाएका ऐन नियमावलि निर्देशिका कार्यविधि तथा मापदण्डको विवरण यस प्रकार को छ । कानून कार्यान्वयन अवस्था के कस्तो छ यस तर्फ पालिकाले पुनरावलोकन गर्नुपर्दछ । | |

| सि.नं | विवरण | गत वर्ष सम्म | चालु वर्षको | जम्मा |
|---|---|---|---|---|
| १ | ऐन | १२ | १ | १३ |
| २ | नियमावलि | ३ | | ३ |
| ३ | निर्देशिका | ११ | | ११ |
| ४ | कार्यविधि | २९ | २ | ३१ |
| ५ | मापदण्ड | | ३ | ३ |
| | जम्मा | ५५ | ६ | ६१ |

| | | | | |
|---|---|---|---|---|
| ६ | | | **न्याय सम्पादनः**<br><br>न्याय सम्पादनः स्थानीय सरकार सञ्चालन ऐन २०७४ वमोजिम गत वर्षको १७ वटा मुद्धा तारेखमा रहेकोमा यस वर्ष ६९ मुद्धा दर्ता भई ५१ वटा फछ्र्यौट भएकोमा ३५ वटा मुद्धा विचाराधिन अवस्थामा रहेकोछ । न्यायिक निरोपणलाई समयमै फछ्र्यौट गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ । | |
| ७ | | | **बजेट पेश, पारित र अख्तियारी –**<br><br>स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार ०६ गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्त भित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिन भित्र स्थानीयतहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाका उपप्रमुख विमलादेवि दुवाडीले मिति २०७8।०३।०६ मा नीति तथा कार्यक्रम र वजेट पेश भई रू १ अर्व ४४ करोड १ लाख बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८।०३।०६ मा पारित भएको छ । यसै गरी पालिकाका प्रमुखले मिति २०७८।०३।२८ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |

८

**क्षेत्रगत वजेटः**

क्षेत्रगत वजेट नगरपालिकाको क्षेत्रगत रूपमा कुल बजेट रु. १ अर्व करोड ४४ लाख १ हजार भएकोमा खर्च ९५ करोड ४८ लाख ४६ हजारको आधारमा समग्र रूपमा ६६.३ प्रतिशत खर्च भएकोमा क्षेत्रगत बजेट खर्च प्रगति निम्नानुसार रहेको छ ।पालिकाले क्षेत्रगत वजेट तर्जुमा गर्दा सन्तुलित आधारमा गर्नुपर्दछ ।

| सि.नं. | क्षेत्र/उपक्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| १ | आर्थिकविकास | ८८२७४ | ६११४२ | ६.४ |
| २ | सामाजिकविकास | ४४८१०८ | ३९३००७ | ४१.१६ |
| ३ | पूर्वाधारविकास | ५४४०१९ | २८८९६८ | ३०.२६ |
| ४ | सुशासन तथाअन्तरसम्बन्धित क्षेत्र | ७६१२३ | ४५१४२ | ४.७२ |
| ५ | कार्यालयसञ्चालन तथा प्रशासनिक | २८३६०२ | १६६५८५ | १७.४४ |
| कुल जम्मा | | १४४०१२७ | ९५४८४६ | १०० |

९

**चौमासिक खर्चः**

चौमासिक पूँजीगत खर्चः प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २६ बमोजिम स्वीकृत भएको कार्यक्रममा अनुसुचि ३ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्य सम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नु पर्ने व्यवस्था छ । नगरपालिकाले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुँजिगत खर्चको स्थिति देहाय बमोजिम छ ।जस अनुसार प्रथम चौमासिकमा १३ प्रतिशत, दोश्रो चौमासिकम २८ प्रतिशत, तेश्रो चौमासिकमा ५८.५३ र आषाढमा ३२.८८ प्रतिशत खर्च गरेको छ । पालिकाले अन्तिम चौमासिकमा कूल खर्चको ठूलो हिस्सा खर्च गर्दा कामको गुणस्तरमा असर पर्ने, काम हतारमा गर्ने र वजेट सक्ने उदेश्य देखिएकोले नियममा भएको व्यवस्था अनुरूप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नु पर्दछ।

| बजेट | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो चौमासिक | तेस्रो चौमासिक | आषाढको |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td></td><td>चौमासिक</td><td></td><td></td><td>मात्र</td></tr>
<tr><td>संघीय, प्रदेश</td><td>३६४८३७</td><td>४८९७८</td><td>१०२३४७</td><td>२१३५३०</td><td>११९९६५</td></tr>
<tr><td>खर्च प्रतिशत</td><td>१००</td><td>०.१३</td><td>२८.०५</td><td>५८.५३</td><td>३२.८८</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१०</td><td></td><td></td><td>तलब निकासा<br><br>स्थानीय तहले विद्यालयको चौमासिक वा त्रैमासिक रुपमा तलब निकासा गर्दा विद्यालयले पठाउने माग फारामअनुसार हाजिरि प्रमाणित हेरि दिनुपर्ने व्यवस्था छ । तर यस नगरपालिकाले हाजिर प्रमाण नराखि भुक्तानी दिएको पाइयो आगामि दिनमा विद्यालयमा शिक्षकहरुको तलब निकासा गर्दा अनिवार्य रुपमा हाजिरि प्रमाण को प्रतिलिपि राखुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>११</td><td></td><td></td><td>ICT LAB अनुदान<br><br>शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८/७९ अनुसार ICT (कम्प्युटर, ईन्टरनेट, कनेक्टिभिटि ईक्युपमेन्ट तथा kits खरिद) को खरिदका लागि रु ६५०००० दिने व्यवस्था छ । नगरपालिकाले यस वर्ष ८ वटा विद्यालयलाई दिएको देखिन्छ जसमध्ये देहायका २ विद्यालयले लेखापरिक्षणको अवधिसम्म पनि कार्यसम्पन्न प्रतिवेदन पेश नभएकोले उक्त विद्यालयले तोकेबमोजिम शैक्षिक खरिद गरेको कुनै आधार पेश नभएकोले प्रमाण पेश गर्नुपर्ने रु –.<br><br>
<table>
<tr><td>विद्यालयको नाम</td><td>रकम</td></tr>
<tr><td>श्री माधावपुर मा.वि</td><td>६५००००</td></tr>
<tr><td>श्री जनजागृति मा.वि</td><td>६५००००</td></tr>
<tr><td>जम्मा</td><td>१३०००००</td></tr>
</table>
</td><td>१,३००,०००</td></tr>
<tr><td>१२</td><td></td><td></td><td>कोभिड १९<br><br>नगरपालिकामा प्रकोप व्यवस्थापन कोष रहेको र सो खातामा गत वर्षको अल्या रु ६४,००,०००। रहेकोमा यस आ ब मा रु. १,७४,८७२। खर्च भएको देखिन्छ भने बाकि मौज्दात रु. ६२,२५,१२८। रहेको विवरण देखियो। कार्यालयले यस आर्थिक वर्षमा कोभिड -१९ मा यस कोषबाट खर्च गरेको विवरण देखिएन।</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| १३ | | | **अवण्डा वजेटः**<br><br>**अबण्डा बजेट—** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय—व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ ।यस स्थानीयतहले यो बर्ष रू. २ करोड अबण्डा राखेको छ ।बजेट अबण्डमा राखी नगरप्रमुखको स्वविवेकीय अधिकार प्रयोग गरी विभिन्न योजनामा पटके तोक आदेशका आधारमा खर्च गरेको छ पद्धति वाहिर गएर गरेको वजेट तथा खर्च प्रक्रियामा नियन्त्रण गर्नु पर्दछ। | |
| १४ | | | **स्यानिटरी प्याड**<br><br>स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ अनुसार प्रत्येक सामुदायिक विद्यालयका छात्रालाई निशुल्क सेनिटरी प्याड दिने व्यवस्था छ यस वर्ष स्यानिटरी प्याड बजेट शिर्षकमा रु २४१९००० खर्च लेखेको देखिन्छ । नगरपालिकाले शिक्षा तथा मानव विकास केन्द्रबाट कार्यक्रम संशोधन गरि बचत हुने शिर्षकबाट नपुग शिर्षकमा खर्च गर्न मिल्ने भनि कार्यक्रम संशोधन गरि रु २०००००० धार्मिक विद्यालयलाई र रु ४१९००० शिक्षण सिकाइ कार्यक्रममा अनुदानमा खर्च लेखेको छ यस वर्ष कोभिडको कारण धेरै दिन विद्यालय वन्द भइ पहिलाकै मौज्दातले पुग्ने कार्यालयले जनाएको यसरि विद्यालयमा मौज्दात भएको यथेष्ट प्रमाण नभएकोले सबै छात्राहरुले पाए नपाएको यकिन गर्न सकिएन । | |
| १५ | | | **उपप्रमुख सँग महिला**<br><br>नगरपालिकाले विविध कृषि कार्य गर्ने महिलासँग ५० % लागत सहभागितामा महिला उद्धयमशिलन कार्यक्रम भनि यस वर्ष कुल १८४७७५ खर्च लेखेको देखिन्छ । नगरपालिकाले कार्यविधि बनाइ मासिक त्रैमासिक प्रगति प्रतिवेदन बुझाउनु पर्ने भनेतापनि प्रगति विवरण कसैले पेश गरेको पाइएन यसरि अनुदान दिदा अनिवार्य मापदण्ड पालना हुने गरि स्थानीय तहले प्रभावकारि अनुगमन गरि खर्चको उपादेयता भयो भएन भन्ने विषयमा ध्यान दिनुपर्ने देखिन्छ । | |
| १६ | | | **बालविकास सहजकर्ता (ECD)**<br><br>प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्युनतम मापदण्ड मार्गदर्शक पुस्तिका २०६७ को प्रथम संशोधन २०७५ बमोजिम न्युनतम विद्यार्थि संङ्या २५ जना सम्म १ जना र २५ जना भन्दा माथि भएमा थप बालविकास सहयोगी कार्यकर्ता (ECD) राख्नपाउने व्यवस्था छ। तर यस नगरपालिका अन्तरगत सञ्चालित देहायका विद्यालयले नियमविपरीत सहयोगी कार्यकर्ता राखेकोले राज्यलाई थप व्ययभार पर्ने देखिएकोले नियमित गर्नुपर्ने रु–..<br><br>विद्यालयको नाम \| विद्यार्थि संङख्या \| कार्यरत इसिडि \| बढि इसिडि \| वार्षिक इसिडि खर्च | १,४३५,०<br>०० |

| | | | | |
|---|---|---|---|---|
| पंचकन्या मा.वि जयमंगल | ४५ | ४ | २ | ४१०००० |
| चित्रसारी मा.वि | ३५ | ३ | १ | २०५००० |
| जनदया मा.वि | ४१ | ३ | १ | २०५००० |
| आधारभुत वि. वेल्सि | २५ | २ | १ | २०५००० |
| आ.वि विन्देश्वरी | २३ | ३ | २ | ४१०००० |
| जम्मा | | | | १४३५००० |

१७ **सिकाइकेन्द्रको अनुदान** ६००,०००

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८/७९ अनुसार सामुदायिक सिकाई केन्द्रको सञ्चाल अनुदान दिने व्यवस्था छ । पालिकाले यसरि सञ्चालनमा रहेका ४ केन्द्र ज्योतिर्मय, पिठूया, पञ्चकन्या, सृजसिल सामुदायिक सिकाइ केन्द्र लाइ २००००० का दरले बार्षिक रु ८००००० भुक्तानी दिएको छ यसरि भुक्तानी दिदा स्थानीय ले स्थलगत निरिक्षण गरी बार्षिक साधरण सभा भएको, विधान बमोजिम पदाधिकारीको निर्वाचन भएको, साधरण सभाबाट बजेट र कार्यक्रम पास भएको र लेखापरिक्षण गरि प्रतिवेदन पास भएको जस्ता मापदण्ड पुरा गरेको यकिन गर्नु पर्ने तर पालिकाले यसको यकिन नगरि रकम भुक्तानी दिएको देखिन्छ त्यसैले यसको प्रभावकारिता र उपादेयता के छ यि केन्द्रलाई कसरि उद्धेश्यमुलक बनाउन सकिन्छ भन्ने कुरामा अनुगमन गरि पालिकाले यि केन्द्रलाई प्रभावकारी बनाउनु पर्ने कुरामा ध्यान दिनुपर्ने देखिन्छ । साथै देहायका सिकाइ केन्द्रको प्रगति प्रतिवेदन र हाजिरि प्रमाण पेश गर्नुपर्ने रु–

| भौचर नं | सिकाइ केन्द्रको नाम | रकम |
|---|---|---|
| १८८ | ज्योतिर्मय सामुदायिक सिकाइ केन्द्र | २००००० |
| १८८ | सृजनशिल सामुदायिक सिकाइ केन्द्र | २००००० |
| गा.पा चालु ४९ | सिक्दै खेल्दै केन्द्रलाइ अनुदान | २००००० |
| जम्मा | | ६००००० |

| | | | | |
|---|---|---|---|---|
| १८ | | | **Learning by earning**<br><br>शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८/७९ को व्यवस्था अनुसार श्री बैरया माध्यमिक विद्यालयलाई learning by earning कार्यक्रममा रु १०००००० भुक्तानी दिएको छ उक्त रकम कुन कुन प्रयोजनमा खर्च भयो त्यसको प्रगति प्रतिवेदन र कार्यसम्पन्न प्रतिवेदन पेश नभएकोले प्रमाण पेश गर्नुपर्ने रु | १,०००,० ०० |
| १९ | | | **कक्षा ८ को परिक्षा व्यवस्थापन**<br><br>शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८/७९ अनुसार कक्षा ८ को परीक्षा सञ्चालन तथा प्रमाणीकरण प्रक्रियामा प्रति विद्यार्थि रु २५० का दरले दिने र रकम नपुग्ने भएमा आन्तरिक स्रोतबाट खर्च लेख्नुपर्ने व्यवस्था छ । नगरपालिका अन्तरगतका कक्षा ८ का विद्यार्थि IEMIS बाट हेर्दा जम्मा ८२२ जना देखिन्छ ८२२ जना विद्यार्थि लाई २५० का दरले २०५५०० मात्र संघिय कोषबाट भुक्तानी दिनुपर्ने तर भौचर नं २२५, २४१ र २२४ बाट ४४७२०६ खर्च लेखेको छ जसमा २४१७०६ बढि भुक्तानी दिएको पाइयो यसरि संघिय कोषबाट निकासा दिनुपर्ने रकम बाहेक बढि खर्च लेखिएको रकम आन्तरिक स्रोतबाट सोधभर्ना गरि संघिय कोषमा फिर्ता दाखिलाको प्रमाण पेश गर्नुपर्ने रु – | २४१,६०७ |
| २० | | | **कार्यगत अभ्याससहितको तालिम**<br><br>केन्द्रबाटै छनौट भएका विद्यालयलाई कार्यगत अभ्याससहितको तालिम सञ्चालन मा १० महिने OJT तालिम सञ्चालन गर्न रु १४००००० बजेट विनियोजन गरेकोमा यस नगरपालिकाबाट श्री बछौली मा.वि छनौट भएको छ जसमा भौचर नं २८७ बाट १३००००० रकम भुक्तानी भएको छ र लेखापरिक्षणको अवधिसम्म पनि कार्यसम्पन्न प्रतिवेदन प्रगति विवरण हरु प्राप्त नभएकोले प्रमाण पेश गर्नुपर्ने रु –. | १,३००,० ०० |
| २१ | | | **गत वर्षको भुक्तानी**<br><br>आर्थिक कार्याविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम १३ अनुसार चालू वर्षको बजेटले नखाम्ने गरी दायीत्व सृजना गर्नुहुदैन । तर विशेष कारण एवं परिस्थितिमा तलब भत्ता जस्ता खर्च शिर्षकहरुमा चालु वर्षको बजेटले नखाम्ने खर्च व्यहोर्नु पर्ने भएमा बिल भर्पाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिनुपर्ने कारण खोलि महालेखापरिक्षकले तोकेको ढाँचामा भुक्तानी दिन बाँकीको कच्चावारी चढाई राख्नुपर्ने नगरपालिकाले आर्थिक वर्ष २०७७।७८ विविध भुक्तानी बाकि भनि कच्चावारि प्रमाणित गरी नराखेकोले तल उल्लेखित संस्थालाई दिएको भुक्तानी नियमसंगत नदेखिएको नियमित गर्नुपर्ने रु<br><br>नाम \| रकम | २५०,७३६ |

<table>
<tr><td></td><td></td><td></td><td><table><tr><td>नेपाल कृषि सहकारी केन्द्रिय संघ</td><td>९४५६१</td></tr><tr><td>दोरङगी नर्सरी</td><td>१५६१७५</td></tr><tr><td>जम्मा</td><td>२५०७३६</td></tr></table></td><td></td></tr>
<tr><td>२२</td><td></td><td></td><td>विविध खर्च<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविध र अतिथि सत्कारमा मात्र नगरपालिका र वडा तर्फ गरी रु.५४ लाख ४४ हजार खर्च गरेको छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>२३</td><td></td><td></td><td>अन्य राजश्व फिर्ता<br><br>अवैध रुपमा नदीजन्य पदार्थको चोरी निकासी नियन्त्रण गर्नका लागि इलाका प्रहरी कार्यालय टाँडीले अवैध रुपमा नदीजन्य पदार्थको ओसारपसार गरेको सवारी साधन नियन्त्रणमा लिई जरिवाना यस नगरपालिकाको आन्तरिक खातामा दाखिला गर्ने निर्णय पालिकाबाट भएको पाइयो । पालिकाले उक्त सवारी साधनले पालिकालाई तिरेको जरिवानाको ५० प्रतिशत रकम इलाका प्रहरी कार्यालयलाई प्रोहोत्साहन स्वरुप फिर्ता दिने निर्णय गरेको छ ।इलाका प्रहरी कार्यालय टाँडीले यस वर्ष सवारी साधन नियन्त्रणमा लिई पालिकालाई रु ७८५०००।०० जरिवाना बुझाए वापत इलाका प्रहरी कार्यालयका प्रहरी कर्मचारी श्री प्रकाश शाह र तिर्थ राज शर्मा लगायतलाई विभिन्न ८ वटा भौचरबाट रु ३९२५००।०० भुक्तानी दिएको पाइयो । यस्तो भुक्तानी संस्थागत रुपमा इलाका प्रहरी कार्यालयको खातामा भुक्तानी दिई नियमानुसार खर्च हुनुपर्नेमा कर्मचारीको नाममा सोझै भुक्तानी दिनु उपयुक्त देखिएन । यस्तो भुक्तानी कार्यालयको नाममा दिई नियमानुसार खर्च गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२४</td><td></td><td></td><td>आर्थिक सहायता<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले आर्थिक सहायता प्रयोजनको लागि यो वर्ष अन्य व्यक्ति तथा संस्था सहायता शिर्षकमा रु ५२ लाख ४३ हजार बजेट विनियोजन गरी विभिन्न व्यक्ति एवं संघ संस्थालाई रु. ४९१९३७६।०० आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>२५</td><td></td><td></td><td>तलव खर्च</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | निजामती सेवा ऐन अनुसार स्थायी कर्मचारीहरुको तलव भत्ता भुक्तानी दिनुपूर्व जिल्लास्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलवी प्रतिवेदन पारित गरेर मात्र तलव भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले यस आर्थिक वर्षमा सभाबाट तलवी प्रतिवेदन पारित गरी रु ३ करोड ९२ लाख खर्च लेखेको छ । | |
| २६ | | | **करार कर्मचारी कल्याण कोष**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ६६ जना कर्मचारीहरु करारमा राखी रु.२ करोड ६६ लाख खर्च लेखेको छ । साथै करार कर्मचारी कल्याण कोष विनियमावली,२०७८ जारी गरि सम्बन्धित कर्मचारीबाट १० प्रतिशत र पालिकाले १० प्रतिशत थपी उक्त कल्याणकारी कोषमा रकम दाखिला गरेको पाइयो । यसका अलावा आर्थिक वर्षको अन्तिममा समानिकरण अनुदानबाट रु १० लाख करार कर्मचारी कल्याण कोषमा ट्रान्सफर गरेको पाइयो । | |
| २७ | | | **कल्याणकोषमा ट्रान्सफर**<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाइपाइ आएको मासिक तलवबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बरावरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । कोषमा गब आ व सम्म रु ४७७८८४६।६ को मौज्दात रहेकोमा यस वर्ष वित्तीय समानिकरणबाट कर्मचारी कल्याण कोषमा रु ५० लाख ट्रान्सफर र व्याज आम्दानी सहित गरी रु १००३१४६५।८७ मौज्दात कायम रहेको मध्येबाट रु १०२६२७९।७४ खर्च भई रु ९००५१८६।१३ बाँकी रहेको छ । उक्त कोष सन्चालन सम्बन्धमा कानूनी व्यवस्था भएको देखिएन । ऐनको दफा ९१(५) ले कोष सन्चालन सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुने उल्लेख गरेको भएपनि कोष सन्चालन सहजताका लागि विनियमावलि तथा निर्देशिका तयार गरेको देखिएन । कानूनको व्यवस्था नगरी पालिका अनुदानबाट सोझै कर्मचारी कल्याण कोषमा रकम ट्रान्फर गर्न मिल्ने नदेखिएकोले नियमानुसार हुनेगरी व्यवस्थापन गर्नु पर्दछ । | |
| २८ | | | **जिन्सी मालसामानको व्यावस्थापनका लागि PAMS को प्रयोग**<br><br>सार्वजनिक सम्पत्ति व्यवस्थापन का लागि महालेखा नियन्त्रकको कार्यालयले जारी गरेको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली -PAMS को प्रयोग हाल सबै सार्वजनिक निकायमा अनिवार्य गरेको छ। यस नगरपालिकामा यस आब सम्म PAMS को प्रयोग गरिएको देखिएन। कार्यालयले जिन्सी मालसामनको एकिकृत लगत तयार गरी अभिलेखीकरण गरि PAMS लागु गर्नुपर्दछ। | |

| | | | | |
|---|---|---|---|---|
| २९ | | | **आन्तरिक नियन्त्रण प्रणाली**<br><br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br><br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• पालिकाबाट योजना तथा कार्यक्रम छनौट गर्दा वितरणमुखी हुने गरी छनौट गरको देखिन्छ ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।<br>• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br>• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>• कतिपय विल भर्पाइहरु सहितको गोश्वरा भौचर कार्यालय प्रमुखबाट प्रमाणित भएको पाईएन ।<br>• कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• भ्रमण प्रतिवेदन लिने नगरेको तथा ईन्धन खर्च सम्बन्धमा सवारी लगबुक राखेको देखिएन ।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ मा पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा ६०।४० को बाहेक उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन । | |

- सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।
- सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।
- निजामती सेवा ऐन, २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्ने व्यवस्था भए अनुसार पालिकाले सभाबाट तलवी प्रतिवेदन पारित गरेको छ । सभाबाट तबी प्रतिवदन पारित गर्ने कानुनी व्यवस्था नदेखिएकोले कर्मचारीको व्यक्तिगत फाईल तयार गरी तोकीए बमोजिम तलबी प्रतिवेदन पारित गर्नुपर्दछ । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

३०

**पेश्कि व्यवस्थापन**

६,५६३,०००

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलि २०७७ को नियम ५२ को उपनियम ३ मा कार्यालयले प्रचलित कानून बमोजिम दिएको पेश्की म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राख्ने तथा उपनियम ४ मा लेखापरीक्षण गर्ने निकायले फर्छ्यौट हुन बाँकी पेश्की रकमलाई अन्तिम लेखापरीक्षण प्रतिवेदनमा समावेश गर्दा नियमानुसार म्याद ननाघेको पेश्कीलाई बेरुजू नमानिने उल्लेख छ । नगरपालिका बाट प्राप्त विवरण अनुसार देहाय अनुसार पेश्की रकम आर्थिक वर्षको अन्तसम्म पनि फर्छ्यौट नभई बाँकी रहेको देखिन्छ । उक्त पेश्की रकम तोकीए बमोजिम फर्छ्यौट हुनुपर्दछ ।

| भौचर नं | पेश्कि लिनेको नाम | म्याद ननाघेको | म्याद नाघेको |
|---|---|---|---|
| १ | काैशिला मली | २०००० | ० |
| १ | राजन मली | २०००० | ० |
| १ | राजन मली | ६०००० | ० |
| १ | जे.के.कन्स्ट्रक्सन | ४१८२१२ | ० |
| १ | पि.के. निर्माण सेवा | ४५०००० | ० |

| | | | |
|---|---|---|---|
| १ | मनकामना कन्ट्रयाक्टर्स एण्ड बिल्डर्स प्रा.लि | ७६४००० | ० |
| १ | सुसन कन्स्ट्रक्शन | ४७०००० | ० |
| १ | अनामनगर टाडी तथा आदर्स टाेल सतही नाला निर्माण उ स | ० | ५००००० |
| १ | चितवन सामुदायिक संचार सहकारी संस्था लि. | ३००००० | ० |
| १ | जस्पाल कालोपत्रे सडक निर्माण उपभोक्ता समिति | १७०००० | ० |
| १ | नेपाल विधुत प्राधिकरण टाडी शाखा | ४२९३००० | ० |
| १ | मेड - नेपाल | २२०० | ० |
| १ | श्री आधारभुत विद्यादय माधवपुर | ३५०००० | ० |
| ९ | बैरिया मा.वि | ४८०००० | ० |
| १५१ | जनजागृति टाेल विकास सस्था | १६०००० | ० |
| २५५ | सिप्रदी ट्रेडिङ्ग प्रा.लि. | १२२५००० | ० |
| ३४० | श्री भद्रकाली माध्यमीक विधालय हात्तीगाडे | १११७००० | ० |
| १ | चितवन एफ एम देखी पुर्व नेपाल मा.वि सम्म ढल निकास उपभोक्ता समिति | ० | ३००००० |
| १ | दिप नारायण महतो | ० | ११२००० |
| १ | पक्की कुलो निर्माण उपभाेक्ता समिति | ० | १०९००० |
| १ | मालपुर टाेल कालाेपत्रे मर्मत निर्माण समिति | ० | २७५००० |
| १ | रायमाझी टोल विकास संथा | ० | ९००००० |
| १ | लालपर्सा चोक देखी दक्षीण कालोपत्रे उपभोक्ता समिति | ० | १२५००० |
| १ | हात्तिचाेक- लाैखानी टेलिफाेन टावर चाेक बाटाे कालाेपत्रे मर्मत उ.स. | ० | ५७५००० |

| | | | | |
|---|---|---|---|---|
| | | | | |

| | | | |
|---|---|---|---|
| ८८ | बुद्धचोक ज.जा.मा.वि.सडक मर्मत उ.समिति | ० | २००००० |
| १६७ | बटरकुलो कृषि समुह | ० | ७०००० |
| २६३ | वनदेवि आमा समुह | ० | १११००० |
| ३१९ | हिमाल गुरुङ् समाज सांस्कृतिक भवन निर्माण उ.स. | ० | १००००० |
| ३३४ | इच्छाकामना कालोपत्र निर्माण उपभोक्ता समिति | ० | १००००० |
| ३४७ | बछाैली मुलसडक नाला निर्माण समिति | ० | १५०००० |
| २७९ | प्रकाश राज रेग्मी | ० | ३०००० |
| २४ | शालिक राम पाैडेल | ० | ९६००० |
| १५४५ | सन्तोष दुवाडी | ० | ३०००० |
| ४९० | वरपिपल टोल र दिपावली टोल कालोपत्रे निर्माण उपभोक्ता समिति | ० | १००००० |
| १० | एस. बि. एम. इन्जिनियरिङ्ग एसोसियट्स प्रा.लि. | ० | १६५०००० |
| २०५ | आश्रित निर्माण सेवा | ० | १०३०००० |
| जम्मा | | १०२९९४१२ | ६५६३००० |

| | | | | |
|---|---|---|---|---|
| ३१ | | | **सुत्रमा नसमेटिएको खर्चः**<br><br>स्थानीय तहमा प्राप्त हुने सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम, रु २५९१००४७२।०० प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रम रु २८६९९६११।०० लगायतलाई समेटी समावेश गरी वित्तीय प्रतिवेदन (म.ले.प.फा.न. २७२ ) तयार गरेको छैन यस्तो रकमलाई अनिवार्य रुपमा सुत्रमा आवद्ध गरी प्रतिवेदन तयार गर्नुपर्दछ । | |
| ३२ | | | **प्रेस सल्लाहाकार**<br><br>बागमती प्रदेश अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन,२०७५(पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय | १२०,००० |

| | | | | |
|---|---|---|---|---|
| | | | तहका प्रमुख तथा उप प्रमुखले प्रेस सल्लाहाकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । नगरपालिकाले प्रेस सल्लाहाकारको रुपमा श्री होमनाथ सापकोटालाई नियुक्त गरी मासिक रु.१००००।०० का दरले भुक्तानी गरेको अनियमित देखिएको रु. | |
| ३३ | | | **बढी भुक्तानी**<br><br>भौचर नं १३४६ मिति २०७९।१।१९ मा ओम एग्रोभेट बाट माघ र फागुन महिनामा ३६०० किलोग्राम सुडान घासँको बिउ रु ३६००००।०० मा खरिद गरी पालिकाले व्यहोर्ने ५० प्रतिशत रकम रु १६००००।०० भुक्तानी दिएको छ । अर्कोतर्फ भौचर नं १६४९ मिति २०७९।३।१२ बाट चिरन्जीवि भेट फर्माबाट फागुन र चैत्र महिनामा ३३२८ किलोग्राम सुडान घासको बिउ रु ३६६०८०।०० मा खरिद गरी पालिकाले व्यहोर्ने ५० प्रतिशत रकम रु १८३०४०।०० भुक्तानी दिएको पाइयो। एकै समयमा एकै खालको विउ खरिद गर्दा एउटै मुल्यमा खरिद नभई फरक फरक मुल्य राखी खरिद भएको पाइयो । ओम एग्रोभेट फर्मबाट प्रतिकेजी रु १००।०० मा खरिद भएको सुडाँन घासको विउलाई चिरन्जिवी भेट फर्माबाट प्रतिकेजी रु ११०।०० मा खरिद गर्दा प्रतिकेजी रु १० का दरले ३३२८ किलोग्रामको रु ३३२८०।०० बढी भुक्तानी भएको असुल हुनुपर्ने रु | ३३,२८० |
| ३४ | | | **सम्झौता बाहिरका खर्च**<br><br>रत्ननगर नगरपालिका र अधिवक्ता श्री प्रकाश राज रेग्मी बीच कार्यालयलाई आवश्यक कानूनी परामर्श सेवा दिने गरी सम्झौता भएको छ । उक्त सम्झौतामा निज अधिवक्ताले नगरपालिकाको लागि आवश्यक कानूनी परामर्श तथा नगरपालिकाको तर्फबाट गर्नुपर्ने मुद्दा, मामिला, लिखित प्रतिवाद एवं वहस पैरवी समेतको कानूनी सेवा दिनुपर्ने र सम्झौताको बुदा नं ४ मा नगरपालिकाको तर्फबाट गर्नुपर्ने मुद्दा मामिला लगायतका कार्यमा लाग्ने कोर्ट फिको रकम, दर्ता शुल्क, लिखित छपाई र फोटोकपी समेतको खर्च नगरपालिकाले व्यहोर्ने र मुद्धा मामिलामा जानुपर्दा लाग्ने सेवा सुविधा पालिकाले व्यहोर्ने उल्लेख भए बमोजिम पालिकाले जिल्ला बाहिर जादा नियमानुसार लाग्ने भ्रमण भत्ता, कोर्ट फि, लिखित छपाईको खर्च व्यहोरेको छ । उक्त बहस पैरवी लगायत गरे वापत निजले एकमुष्ठ वार्षिक रु १५००००।०० पारिश्रमिक पाउने भनी सम्झौताको बुदाँ नं ६ मा उल्लेख भएतापनि पालिकाले निज अधिवक्ताले अर्कै अधिवक्ता नियुक्त गरी बहस गरेको खर्च, भ्रमण खर्चसँगै गाडी भाडा भुक्तानी दिएको अवस्थामा पुनः गाडीको छुट्टै विल पेश गरेको भुक्तानी र छुट्टै खाना खाजाको विलको भुक्तानी दिएको पाइयो । सम्झौता बाहिरका देहायका रकम भुक्तानी दिएको सम्बन्धित अधिबक्ताबाट असुल हुनुपर्ने रु | ८३,५०० |

| भौचर नं | जम्मा भुक्तानी | नपाउने शिर्षक | रकम |
|---|---|---|---|
| २७५ | ५०००० | भ्रमण भत्तामा गाडी भाडा राखेकोमा पुनः गाडीको विल भुक्तानी | ८५०० |

<table>
<tr><td></td><td></td><td></td><td><table><tr><td></td><td></td><td>सर्वोच्च अदालतमा बहस गरेको भनी सुस्तिता कोइराला र ऋषि रुपाखेती लाई भुक्तानी</td><td>३५०००</td></tr><tr><td>८५५</td><td></td><td>वडा नं १४ को जालसाझी मुद्दामा बहस, प्रतिउत्तर लेख्ने र मिलापत्र वापत</td><td>४००००</td></tr><tr><td colspan="3">जम्मा</td><td>८३५००</td></tr></table></td><td></td></tr>
<tr><td>३५</td><td></td><td></td><td>कर्मचारी प्रोत्साहन<br><br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले कानून र सोही अनुरुप सूचक बनाई कर्मचारी प्रोत्साहन भत्ता भुक्तानी दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३६</td><td></td><td></td><td>अवलोकन भ्रमण<br><br>पालिकाले बजेट निर्माण गर्दा अधिकतम प्रतिफल दिन सक्ने क्षेत्रमा विनियोजन गरी खर्च गर्नुपर्दछ । नमुना परीक्षण गरिएका विभिन्न भौचर परीक्षण गर्दा जनप्रतिनिधि तथा कर्मचारी, ज्येष्ठ नागरिक, युवा तथा महिला समूह, कृषक समूह, बालबालिकाको अवलोकन भ्रमणमा रु ५६९८३९०।०० खर्च गरेको पाइयो । यस्ता खर्च केही बजेटमा समावेश गरी गरिएका छन भने केही योजनामा विनियोजन भएको बजेट रकमान्तर गरी समेत भ्रमण गरिएको छ । सिँचाई पाइप खरिद, बालवालिकाको दिगो विकास कार्यक्रम, कृषि सम्बन्धी कार्यक्रम जस्ता कार्यमा विनियोजित बजेटबाट महिला, कृषक समूहको आयआर्जन वृद्धी, गरी आत्मनिर्भर बन्ने भन्दा पनि भ्रमणमै खर्च गरेको पाइयो । समानिकरण अनुदानको बजेट यसरी अवलोकन भ्रमणमा खर्च गर्नु उपयुक्त देखिएन ।</td><td></td></tr>
<tr><td>३७</td><td></td><td></td><td>बढी भुक्तानी<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा खर्च गर्दा खर्चका विल भर्पाइ सहित लेखा राखी रीत पुगे नपुगेको यकिन गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले भौचर नं १२६८ बाट क्षितिज एण्ड श्रीया एग्रो लाई १९८ म्यानुअल स्प्रे ट्याङ्की खरिद गरे वापत रु ३९९९९९।०० भुक्तानी दिएको छ । निजले पेश गरेको कोटेशनमा म्यानुअल स्प्रे ट्याङ्की प्रतिगोटा रु १७८७।०० मा उपलब्ध गराउने भनेकोमा उक्त रकममा पुनः मु अ कर थप गरी प्रतिगोटा रु २०१९।०० अनुसार विजक पेश भई सोही अनुरुप कार्यालयको ५० प्रतिशत भुक्तानी भएको पाइयो । दररेट अनुसार १९८ वटा स्प्रे ट्याङ्कीको रु ३५४२२२।०० भुक्तानी हुनु पर्नेमा रु २०१९ को दरमा रु ३९९९९९।०० भुक्तानी भएकोले बढी भुक्तानी रु ४५७७७।०० असुल हुनुपर्ने रु</td><td>४५,७७७</td></tr>
</table>

<table>
<tr><td>३८</td><td></td><td></td><td>बढी भुक्तानी<br><br>नगरपालिकाको वडा नं १२ र एकसप्लोर हस्पिटालिटी एण्ड कुलिनरी एकेडेमी प्रालि बीच युवा लक्षित कार्यक्रम अन्तर्गत २८ जनालाई १ महिने कुक तालिम सन्चालन गर्ने गरी रु १ लाख ९८ हजारमा सम्झौता भएको छ । प्रमाणित हाजिरी विवरण अनुसार बढीमा २३ जनासम्म सहभागी भएकोमा निज फर्मले भुक्तानी माग गर्दा २८ जनाको मु अ कर सहित प्रतिजना रु ७०७१ का दरले रु १९८०००।०० भुक्तानी माग गरेकोमा सोही अनुरुप भुक्तानी भएको छ । हाजिरी प्रमाणित अनुसार २३ जनाको प्रतिजना रु ७०७१।०० को दरले रु १६२६४२।०० भुक्तानी हुनुपर्नेमा भौचर नं १५८५ बाट रु १९८०००।०० भुक्तानी दिएकोले बढी भुक्तानी भएको रु ३५३५८।०० असुल हुनुपर्ने रु</td><td>३५,३५८</td></tr>
<tr><td>३९</td><td></td><td></td><td>शशर्त खर्चमा भत्ता<br><br>स्थानिय तहमा स्वास्थ्य कार्यक्रम सञ्चालनका लागि मार्गदर्शन बमोजिम तथा अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका, २०७७ को परिच्छेद ७ मा खर्च सम्बन्धी मापदण्डको व्यवस्था छ। पालिकाका कर्मचारी पदाधिकारी गाउँपालिका भित्रकै विभिन्न स्थानमा भएका कार्यलय समयमा पालिकालेनै आयोजना गरका तालिम, गोष्ठी, सेमिनार, कार्यशाला लगायतमा संघिय तथा प्रदेश चालु शशर्त अनुदान अन्तर्गतका कार्यक्रममा नमुना छनौट गर्दा विभिन्न शिर्षकमा सहभागी भत्ता, यातायात भत्ता लिएको तथा मापदण्ड भन्दा बढी समेत वितरण भएको देखियो। गाउँपालिकाले यस्ता खर्चमा नियन्त्रण गरि मितव्ययिता तथा कार्यक्रमको प्रभावकारिता कायम गर्नु पर्दछः<br><br><table><tr><td>शिर्षक</td><td>रकम</td></tr><tr><td>यातायात भत्ता</td><td>९,३३,४५०।</td></tr><tr><td>अनुगमन तथा मुल्याङ्कन भत्ता</td><td>४,७९,०००।</td></tr><tr><td>सहभागी भत्ता</td><td>४,२६,९५०।</td></tr><tr><td>जम्मा</td><td>१८,३९,४००।</td></tr></table></td><td></td></tr>
<tr><td>४०</td><td></td><td></td><td>गरिवी निवारणकालागि लघु उद्यम विकास कार्यक्रम</td><td></td></tr>
<tr><td>४०.१</td><td>३०८</td><td>२०७९-३-२४</td><td>गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ अनुसार उद्यमी सिर्जना तथा उन्नतिका लागि बजेट तर्जुमा दायरा तालिका नं १ मा उल्लेख गरेको छ। यस नगरपालिकाले यस आर्थिक वर्ष २०७८।७९ मा वजेट तथा कार्यक्रम तयार पारेको सो तालिकामा व्यवस्था गरेको विपरित अनुगमन बापत ७००००। छुट्याई खर्च गरेको नियमित देखिएन। नियमित गर्नु पर्ने रु</td><td>७०,०००</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| ४०.२ | ३०६ | २०७९-३-२४ | प्रविधी हस्तान्तरणमा लगत सहभागित नगरिएकोः गोश्वरा भौचर नं ३०६।२०७९।०३।२४ गरिबी निवारणका लागि लघु उद्यम बाकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को (४१) को ३ मा प्रविधि हस्तन्तरण सम्बन्धी प्रकृया सम्बन्धी व्यवस्था छ।जसमा २० प्रतिशत लागत सहभागिता अनिवार्य हुनुपर्ने व्यवस्था छ। कार्यालयले रु ४८९४५१।रकमको सिलाई मेसिन लगायतका सामाग्री सोझै खरिद गरि वितरणमा लागत सहभागिता भएको नदेखिएको र वजेट विनियोजन (१८ प्रतिशत) रु ४०००००। भएकोमा सो भन्दा रु ८९४५१। बढी रकम खर्च भएको छ नियमित गर्नु पर्ने २० प्रतिशत लागत सहभागिता रकम रु ९७८९०। र विनियोजन भन्दा बढी खर्च रु ८९४५१। जम्मा रु | १८७,३४१ |
| ४१ | | | **वैदेशिक रोजगारीकालागि सुरक्षित आप्रवासन परियोजना (SaMi)**<br><br>सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली,२०६४ अनुसार परापर्श सेवा खरिद गर्न सकिने व्यवस्था छ। यस नगरपालिकाले Multi Dimensional Action for Development Nepal- MADE Nepal लाई यस आ व मा सामी परियोजना अन्तर्गत रु १९,९१,७७४। भुक्तानी गरेको देखिन्छ।यस भुक्तानीमा उक्त संस्थाले मुल्य अभिवृद्धी कर सहितको विल पेश गरेको भएता पनि VAT समायोजन प्रमाण पेश गरेको देखिएन। मुल्य अभिवृद्धि कर समायोजन प्रमाण पेश गर्नु पर्ने रु २,२९,१४३।<br><br>विजक नं \| मिति \| करयोग्य रकम \| मुल्य अभिवृद्धि कर<br>३ \| २०७८।०६।१५ \| ३१४२०४ \| ४०८४७<br>६ \| २०७८।१०।०३ \| ३७१४८८ \| ४८२९३<br>१२ \| २०७९।०१।०५ \| ३२६१८२ \| ४२४०४<br> \| २०७९।३।२२ \| ७५०७६० \| ९७५९९<br> \| जम्मा \| १७,६२,६३४ \| २२९१४३<br><br>यस परियोजनाका लागि सम्झौतामा उल्लेख भएबमोजिम हरेक वर्ष सम्झौता नविकरण गर्नुपर्ने व्यवस्था रहेकोमा नविकरण भएको कुनै कागजात प्रमाण पेश भएको देखिएन। प्रमाण पेश गर्नु पर्ने जम्मा रु | १,९९१,७७७ |
| ४२ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम**<br><br>यस परियोजना अन्तर्गत जम्मा सूचिकृत ६३१ जना मध्ये १२० जनाले रोजगारी पाएको देखिन्छ। कामका लागि पारिश्रमिकमा आधारित सामदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७७ को परिच्छेद ६(२०) मा स्थानिय तहले वेरोजगार सूचीको विवरण, श्रमिक | |

| | | | | |
|---|---|---|---|---|
| | | | समुहको हाजिरी विवरण, भुक्तानी प्रप्त गर्ने श्रमिकको नाम, प्राप्त रकम र खर्च विवरणको सार्वजनिक परीक्षण गराउनुपर्नेछ भनि व्यवस्था गरेकोमा यस नगरपालिकाले यस आवमा सञ्चालन भएका आयोजनाको सार्वजनिक परिक्षण गराएको देखिएन। पालिकाले आयोजना सञ्चालन गर्दा पारदर्शिता र उत्तरदायित्व कायम गर्नु पर्दछ जसकालागि सार्वजनिक परीक्षण गराउनुपर्ने देखिन्छ। | |
| ४३ | २९९ | २०७९-३-२३ | **आव २०७७।७८ मा स्थापना भएका वंगुर साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम निरन्तरता मा भत्ताः**<br><br>प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना कार्यक्रम सन्चालन तथा परिचालन गर्न प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन म्यानुअल, २०७७ को व्यवस्था छ। यस नगरपालिकाबाट यस आव २०७७।७८ मा स्थापना भएका वंगुर साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम निरन्तरता मा ५० प्रतिशत लागत सहभागितामा बंगुरपालक समुहसँग सम्झौता गरि भएको कार्यमा पालिकाले रु ३,००,०००। रकम भुक्तानी भएकोमा कार्यन्वयन म्यानुअल विपरित सुन्दर बस्नेत मार्फत सोधभर्ना भएको देखिन्छ। लाभग्राहिको खातामा वा सम्झौता बमोजिम आपूर्तिकर्तालाई भुक्तानी दिनुपर्ने म्यानुअलको व्यवस्था बमोजिम देखिएन साथै यस कार्यमा अनुगमन भत्ता वापत रु ३०,५००। वितरण गरिएको म्यानुअल बमोजिम नियमित देखिएन। नियमित गर्नु पर्ने रु | ३०,२०० |
| ४४ | ३१७ | २०७९-३-२५ | **गाई भैसी साना व्यासायिक कृषि उत्पादन केन्द्र(पकेट) विकास कार्यक्रम**<br><br>गाई भैसी साना व्यासायिक कृषि उत्पादन केन्द्र(पकेट) विकास कार्यक्रममा ५० प्रतिशत लागत सहभागितामा हरिहर दुग्ध उत्पादक सहकारी संस्था रत्ननगर सँग सम्झौता भएकोमा समुहसँग सम्झौता गरि भएको कार्यमा पालिकाले रु २५,००,०००। रकम भुक्तानी भएको देखिन्छ। सम्झौताअनुसार होलिस्टिन फ्रिजन जर्सी क्रस गाई ५४०००००। को सेन्ट्रल नेपाल पशुपालक फर्मबाट गाई खरिद भएको भर्पाई पेश गरिएको छ (विल देखिएन)।यसमा उक्त गाई पहिचान सम्बन्धी प्रमाणित कागजात पेश भएको देखिएन।यस पकेट विकास परियोजनामा कार्यन्वयन म्यानुअल विपरित यस कार्यमा अनुगमन भत्ता वापत रु ४०,६००।वितरण भएको देखयो जुन परियोजना कार्यान्वयन म्यानुअल बमोजिम नियमित देखिएन। | ४०,६०० |
| ४५ | | | **हाजिरी प्रमाणित**<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्नेछ भनि व्यवस्था छ। यस नगरपालिकाबाट प्रदेश शशर्त अनुदान अन्तर्गत एक विद्यालय एक नर्स कार्यक्रममा ३ जना नर्स को तलब तथा शुन्य दरबन्दी शिक्षक अन्तर्गत का ७ जना शिक्षकको तलब भुक्तानी गर्दा सम्बन्धित विद्यालयबाट हाजिरी प्रमाणित माग गरि भुक्तानी गर्नु पर्नेमा सो भएको देखिएन। नगरपालिकाले सम्बन्धित विद्यालयबाट हाजिरी प्रमाणित माग गरि तलव भत्ता निकासा गर्नु पर्दछ। | |
| ४६ | | | **ठेक्कामा प्रतिस्पर्धा** | |

<table>
<tr><td></td><td></td><td></td><td>सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्षको तेस्रो चौमासिकमा हार्डकपी मार्फत देहायका सिलबन्दी दरभाउपत्र आह्वान गरी खरिद गरेको पाइयो। हार्डकपिमार्फत खरिद गरिएका योजनामा लागत अनुमानको हारहारीमै ठेक्का लागेको पाइयो । सिवबन्दी कोटेशन विक्री संख्या ९ भएतापनि कार्यालयमा दर्ता भने प्रत्येक योजनामा ३ वटा भएकोले प्रतिस्पर्धा कम भएको देखिन्छ । पालिकाले इ विड मार्फत कार्य गर्नेगरी व्यवस्था गर्नुपर्दछ ।<br><table>
<tr><th>आयोजना</th><th>लागत अनुमान</th><th>ठेक्का अंक</th><th>सिलबन्दी कोटेशन बिक्रीसंख्या</th><th>दर्ता संख्या</th><th>घटी प्रतिशत</th></tr>
<tr><td>अधुरो वडा कार्यालय भवन वडा नं ८</td><td>१६१५२८०</td><td>१५८८९१४</td><td>४</td><td>३</td><td>१.६३</td></tr>
<tr><td>आधारभुत स्वास्थ्य सेवा केन्द्र निर्माण ३</td><td>१६९३१५१</td><td>१६६६४२९</td><td>९</td><td>३</td><td>१.५७</td></tr>
<tr><td>आधारभुत स्वास्थ्य सेवा केन्द्र निर्माण ४</td><td>१८८६४२८</td><td>१८५३६५६</td><td>९</td><td>३</td><td>१.५३</td></tr>
<tr><td>आधारभुत स्वास्थ्य सेवा केन्द्र निर्माण ७</td><td>१६९३१५१</td><td>१६३०९०८</td><td>९</td><td>३</td><td>३.६७</td></tr>
<tr><td>कयर भुतिया खोला तटबन्ध निर्माण</td><td>१९३०६२१</td><td>१९०९६४७</td><td>७</td><td>३</td><td>१.०८</td></tr>
</table></td><td></td></tr>
<tr><td>४७</td><td></td><td></td><td>मूल्य अभिवृद्धि कर समायोजन<br>मूल्य अभिवृद्धि कर ऐन, २०५२ को (आर्थिक ऐन २०७८ को संसोधन) अनुसार सम्झौताको भुक्तानीमा मुल्य अभिवृद्धि करको ३० प्रतिशत रकम कट्टा गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले देहायको फर्मलाई भुक्तानी दिदाँ उक्त व्यवस्था बमोजिम मु अ कर कट्टा नगरी भुक्तानी दिएको देहायको रकमको सम्बन्धमा मु अ कर समायोजन पत्रको प्रमाण पेश हुनुपर्ने रु<br><table>
<tr><th>भौचर नं</th><th>आपूर्तक</th><th>भुक्तानी</th><th>मु अ कर</th></tr>
<tr><td>५६९</td><td>सिद्धवावा प्रेस प्रा लि</td><td>४४१३६०</td><td>५७४११</td></tr>
<tr><td></td><td>शंकर स्टेशनरी एण्ड जनरल सप्लायर्स</td><td>४३२७५०</td><td>५६२५७</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>११३६६८</td></tr>
</table></td><td>११३,६६८</td></tr>
<tr><td>४८</td><td></td><td></td><td>विधुतको जरिवाना</td><td>९३,३९१</td></tr>
</table>

सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड २०७८ को दफा १५ मा रकम विनियोजन भएको अवस्थामा धारा तथा विजुलीको महसुल समयमा भुक्तानी नगरी जरिवाना तिर्नु पर्ने अवस्था भएमा त्यस्तो जरिवाना वापतको रकम सम्बन्धित कार्यालय प्रमुख र लेखा प्रमुखबाट दामासाहिले असुल उपर गरिने व्यवस्था छ । देहायका भौचर र मितिबाट भुक्तानी भएका विधुतका विलमा लागेको जरिवाना असुल हुनुपर्ने रु

| भौचर नं | विवरण | भुक्तानी | जरिवाना |
|---|---|---|---|
| ५४५ | रत्ननगर न पा कार्यालय | ८५००० | १७००० |
| ९५० | रत्ननगर न पा कार्यालय | २५०००० | ५०००० |
| ९४६ | वडा नं १० मन्जु आचार्य | २०८१० | ३६३४ |
| १२११ | रत्ननगर न पा कार्यालय | ६२५०० | ३४५९ |
| १७२७ | रत्ननगर न पा कार्यालय | ६२५०० | ८१०७ |
| १७२७ | रत्ननगर न पा कार्यालय | १५०००० | ११९९१ |
| जम्मा | | | ९३३९१ |

४९ **फरक संस्थालाई भुक्तानी** ७९९,९९९

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा खर्च गर्दा खर्चका विल भर्पाइ सहित लेखा राखी रीत पुगे नपुगेको यकिन गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले देहायको रकम भुक्तानी दिदाँ एउटाको नाममा बिल जारी भएको तथा सम्झौता अर्कै आपूर्तकको नाममा भएको र सम्झौता अनुरुप विल भुक्तानी भएको पाइयो । सम्झौता भएकै फर्मले विल जारी गरी सोही अनुरुप भुक्तानी हुनुपर्नेमा अर्कैले भुक्तानी लिएको विश्सनीय नदेखिएको रु

| भौचर नं | बिल जारी भएको | सम्झौता तथा भुक्तानी भएको | रकम |
|---|---|---|---|
| १२३८ | नविन एग्रो सेन्टर | क्षितिज एण्ड श्रेया एग्रोसेन्टर | ३९९९९९ |

| | | | |
|---|---|---|---|
| १३०३ | रामलक्ष्मी मोटर हाउस | ओम इलेक्ट्रोनिक्स प्रा लि | ४००००० |
| जम्मा | | | ७९९९९९ |

५०

**सेवा परामर्श खरिद**

सार्वजनिक खरिद नियमावली, नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले देहायअनुसारका परामर्श सेवाको खरिदमा गर्दा प्रतिस्पर्धा नगराई सोझै खरिद गरी रु. २५६७४५२।०० खर्च लेखेको पाइयो । पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्घकालीन पुँजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिस्पर्धाको माध्यमले परामर्श सेवा खरिद गनुपर्नेमा सो गरेको देखिएन । प्रतिस्पर्धात्मक विधिबाट खरिद ऐन नियमको पालना गरी प्याकेज बनाई खरिद कार्य गर्नुपर्नेमा सो नगरी सोझै खरिद गरेको नियमसम्मत देखिएन । प्रतिस्पर्धा मार्फत खरिद गर्नुपर्दछ ।

| भौचर नं | विवरण | आपूर्तक | रकम |
|---|---|---|---|
| ३५० | ३ वर्षे राजश्व प्रक्षेपण | आ जि विज्ञापन सेवा | ४९५००० |
| ४१३ | ओ एण्ड एम | कृतज्ञ इन्जिनियरिङ प्रालि | ४००२०० |
| ८९१ | आन्तरिक नियन्त्रण कार्यविधि निर्माण | अन्नपूर्ण कन्सल्टिङ ग्रुप प्रालि | ४०५२०० |
| १२९९ | २०७४।७५ देखि हालसम्मको असल अभ्यास अवस्था अध्यन | सुशासन तथा विकास अध्ययन केन्द्र | ३५०००० |
| १४३७ | सेवाग्राही सन्तुष्टी सर्वेक्षण | अलनेपाल कन्सल्टेन्सी सर्भिस | ४१९२३० |
| १७४० | मध्यकालिन खर्च संरचना | रामग्राम मल्टीपर्पोज प्रालि | ४९७८२२ |
| जम्मा | | | २५६७४५२ |

<table>
<tr>
<td>५१</td>
<td></td>
<td></td>
<td>

**सफ्टवेयर खरिद**

नेपाल सरकारको सूचना प्रविधि प्रणाली(व्यवस्थापन तथा संचालन) निर्देशिका २०७१ को बुदाँ नं ४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विधुतीय माध्यमबाट सन्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउनुपर्ने व्यवस्था रहेको छ । यस पालिकाले निम्न भौचरबाट निम्नानुसारको सफ्टवेयर खरिद गरी रु खर्च गरेको छ । सफ्टवेयर खरिद तथा प्रयोग गर्दा सूचना प्रविधि विभागबाट स्वीकृत गराएको पाइएन । सूचना प्रविधि विभागबाट स्वीकृत गराएर मात्र यस्तो सफ्टवेयर खरिद तथा लागू गर्नुपर्दछ ।

<table>
<tr><td>भौ न</td><td>वापत</td><td>आपूर्तक</td><td>रकम</td></tr>
<tr><td>७१२</td><td>दर्ता चलानी तथा सूचनाको हक व्यवस्थापन</td><td>गभर्नेन्सअटोमेसन सोलुसन</td><td>४८७०००</td></tr>
<tr><td>१८५४</td><td>अपाङ्ग तथा ज्येष्ठ नागरिक कार्ड व्यवस्थापन</td><td>नेपाल इन्फोटेक प्रालि</td><td>४२३१८५</td></tr>
<tr><td>१२४</td><td>१६ वटा वडा कार्यालयमा कर भुक्तानीका लागि अनलाइन भुक्तानी प्रणाली आवद्ध गर्ने</td><td>साग्रिला इफर्मेटिक्स प्रालि</td><td>४९८३३०</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१४०८५१५</td></tr>
</table>

</td>
<td></td>
</tr>
<tr>
<td>५२</td>
<td></td>
<td></td>
<td>

**सोझै खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीको नियम ८५ मा चैत्रसम्म रु ५ लाखसम्म र चैत्र भन्दा पछि रु. १० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाले सोलारबत्ती, कृषक अनुदान समाग्री खरिद, विभिन्न वडा मार्फत ह्युमपाइप खरिद लगायतका देहायका खरिद ऐन तथा नियमावली विपरीत सोझै खरिद गरेको पाइयो । नमुना परीक्षण गरी हेरिएका मध्ये केही उदाहरणहरु देहाय बमोजिम छन ।

१. सडकबत्ती खरिद यस वर्ष पालिकाले सडकवत्ति खरिदका लागि २७०३०००।०० बजेट विनियोजन गरेकोमा विभिन्न वडाहरुले आ आफ्नै हिसावले हाते कोटेसन मार्फत रु २६३३०००।०० सोझै खरिद गरेको पाइयो । नियमावलीको व्यवस्था अनुसार प्याकेज बनाईद खरिद गर्नुपर्दछ ।

</td>
<td></td>
</tr>
</table>

२.कार्यलय सामान तथा कृषकलाई सामाग्री वितरण तर्फको खरिद

| भौचर नं | आपूर्तक | वापत | रकम |
|---|---|---|---|
| २०५ | ग्लोवल सप्लायर्स | छपाई | २९२८३९ |
| २८३ | युनिभर्सल सप्लायर्स | छपाई | ४९५२२२ |
| ७९३ | SD Trade एण्ड सप्लायर्स | 50% अनुदान पम्प लगायत | १३४९००० |
| १२६९ | रामलक्ष्मी मोटर हाउस | ५० % अनुदानमा मोटर | ९९९५०० |
| १२८९ | इन्ड्रष्ट्रियल अटोमेसन टेक्नोलोजी | काउम्याट | ४०१५९९ |
| १३४१ | अनमोल एग्रीटेक प्रालि | ५० % स्प्रे इलेक्ट्रिक टयाङकी | १५७५९९ |
| १३०३ | रामलक्ष्मी मोटर हाउस | २ एजपि मोटर | ४००००० |
| १४०२ | विक्रम ट्रेडिङ कन्सर्न | सिलाई मेसिन | १७६२८० |
| १५६७ | सिद्धवावा प्रेस प्रालि | ५ वर्षे कार्यकाल प्रगति पुस्तिका | ४५४२६० |
| १८६४ | रामलक्ष्मी मोटर हाउस | २ एजपि मोटर | २००००० |
| ११७५ | कृष्ण हार्डवेयर | पम्प | ५००००० |
| जम्मा | | | ५८७०५१९ |

३.ह्युमपाइप खरिद

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>भौचर नं</td><td>आपूर्तक</td><td>रकम</td></tr>
<tr><td>विभिन्न १४ भौचर बाट</td><td>अक्युट नेपाल</td><td>२९९३४४२</td></tr>
<tr><td>विभिन्न ४ भौचर बाट</td><td>आचार्य हार्डवेयर</td><td>४०८५०६</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>३४०१९४८</td></tr>
</table>
पालिकाले एकमुष्ठ प्याकेज बनाई खरिद योजनामार्फत प्रतिष्पर्धात्मक विधिवाट खरिद गर्नुपर्नेमा सडकवत्ती, कृषि अनुदानमा दिईने कृषि औजार तथा विउविजन, घासँ तथा विउ वितरण, बाख्रा तथा गाई वितरण, ह्युम पाइप लगायतका सामानहरु विना प्रतिस्पर्धा सोझै खरिद गरेको नियमसम्मत देखिएन । प्याकेज बनाई प्रतिस्पर्धात्मक विधिबाट खरिद गर्नेतर्फ पालिकाले ध्यान दिनु पर्दछ ।
</td><td></td></tr>
<tr><td>५३</td><td></td><td></td><td>
संस्थामार्फत खरिद
ब्युटी पार्लर तालिम, कुक तालिम लगायतका सीपमुलक तालिम सन्चालन गर्दा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद बाट मान्यता प्राप्त संस्था तथा प्रशिक्षक बाट सेवा खरिद गरी उक्त परिषदले तोकेको कोर्सका आधारमा यस्ता तालिम प्रदान गर्नुपर्दछ । पालिकाले देहायका तालिमहरु संचालन गर्दा उक्त परिषद बाट सोही कामका लागि मान्यता प्राप्त संस्थाबाट सेवा खरिद गरी तोकिएको कोर्षमा आधारित रहेर तालिम प्रदान गरेको पाइएन । यस्ता सेवा प्राप्त गर्दा परिषदबाट मान्यता प्राप्त प्रशिक्षक र संस्थालाई नियमानुसार छनौट गरी तोकिएको कोर्समा आधारित रही सीपमुलक तालिम प्रदान गर्नुपर्दछ ।
<table>
<tr><td>संस्था</td><td>रकम</td></tr>
<tr><td>आरोन एजुकेशन</td><td>९२६६९९</td></tr>
<tr><td>एक्सप्लोर हस्पिटालिटी एण्ड कुलिनरी एकेडेमी</td><td>३८३०००</td></tr>
<tr><td>इन्टरनेशनल व्यूटिपार्लर एण्ड ट्रेडिङ सेन्टर</td><td>१७२०००</td></tr>
<tr><td>हयाप्पी मिडिया नेटवर्क</td><td>२९६०००</td></tr>
</table>
</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | जम्मा १७७७६९९ | |
| ५४ | | | **सोधभर्नाबाट भुक्तानी**<br><br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरि खरिद गर्नु पर्ने व्यवस्था छ। सो ऐन को नियमावली, २०६४ को नियम १२३(८) मा पच्चिस हजार भन्दा बढी रकम भुक्तानी गर्नु पर्दा आपूर्तिकेर्ता, निर्माण व्यवसायी, सेवा प्रदायक वा परामर्शदातालाई एकाउण्ट पेयी चेकको माध्यमबाट भुक्तानी गर्नु पर्ने व्यवस्था छ। संघिय र प्रदेश शसर्त चालु अन्तर्गतका विभिन्न कार्यक्रम तथा परियोजना अन्तर्गत नमुना छनौट गरि हेर्दा पालिकाले विभिन्न मितिमा नगरपालिकाका कर्मचारी मार्फत रु.४३,१३,७४३। रकमको सोधभर्ना भएको देखियो। पालिकाले सोधभर्ना बापत भुक्तानी दिने कार्यमा नियन्त्रण गर्नुपर्दछ। | |
| ५५ | | | **अनुगमन सुपरिवेक्षण**<br><br>शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८/७९ अनुसार GPE को सहयोगमा कोभिड १९ का कारण उत्पन्न परिस्थितिमा सिकाइ सहजीकरणका लागि शैक्षिक कार्यक्रम को व्यवस्था गरेको छ जसबाट विद्यालयलाई कोभिड १९ बाट बच्नका लागि स्वास्थ्य सामाग्रि खरिद गर्ने र शैक्षिक सुधारका कार्यक्रम गर्नका लागि विद्यालयको खातामा रकम भुक्तानी दिनुपर्ने व्यवस्था छ तर नगरपालिकाले भौचर नं २५८ बाट कर्मचारिहरुलाई कुन कुन दिन कहाँ अनुगमन गरेको कुनै माइन्युट र आधारवेगर जम्मा विद्यालय सङ्ख्याको आधारमा अनुगमन गरेको भनि कर काटेर रु ८५००० खर्च लेखेको देखिन्छ । यसरि संघिय सशर्त बजेटबाट तोकेको शिर्षकमा खर्च गर्नुपर्ने र अनुगमनको कुनै आधार र प्रमाण वेगर खर्च लेखेको रकम असुल गरि संघिय कोषमा फिर्ता दाखिलाको प्रमाण पेश गर्नुपर्ने रु–. | ८५,००० |
| ५६ | | | **कर्मचारी स्तरवृद्धि**<br><br>रत्ननगर नगरपालिकामा कार्यरत कर्मचारीहरुको समायोजन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७८ बमोजिम हालको पदमा ४ वर्ष निरन्तर सेवा गरेका नगर सेवाका कर्मचारीहरुको माथिल्लो तहमा समायोजन गर्ने व्यवस्था भएकोमा २०७८।१।१४ को निर्णयअनुसार विभिन्न २० कर्मचारीहरुको स्तरवृद्धि गरेको पाइयो । बागमती प्रदेशद्धारा जारी भएको स्थानीय सेवा (गठन तथा संचालन ) अध्यादेश २०७८ को परिच्छेद ५ को दफा ३० र सोही अध्यादेशको दफा ५ को दफा ९ बमोजिम योग्यता पुगेका कर्मचारीहरुलाई मात्र बढुवा गर्ने भनी मिति २०७९।३।१३ को कार्यालयको निर्णय अनुसार २०७८।१।१४ अनुसार २० जनाको बढुवा भएकोमध्ये १५ जनाको मात्र योग्यता पुगेको भनी १५ जनाको मात्र बढूवा गर्ने निर्णय गरेको पाइयो । देहायका ५ जना कर्मचारीहरुले गत आर्थिक वर्षमा बढी भुक्तानी लिएको यकिन गरी असुल गर्नुपर्ने तथा आर्थिक वर्ष २०७८।७९ मा देहाय बमोजिम बढी तलव भुक्तानी लिएको पाइयो । उक्त निर्णयविरुद्ध उच्च अदालत पाटन हेटौडा इजालसमा मुद्धा चलिरहेको कार्यालयले जनाएकोले अदालतको फैसला अनुसार गर्नुपर्दछ । | |

| कर्मचारीको नाम | पाउनुपर्ने ग्रेड र तलव | भुक्तानी ग्रेड र तलव | बढी तलव (१३ महिना ) | बढी संचयकोष कट्टी (१२ महिना ) | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| प्रकाश ढुङ्गाना | ४९९९० | ५१८३१ | ४९९३३ | ४६०८ | ५४५४१ |
| कुमारी राधा चौधरी | ३४७८० | ३७९९० | ४१७३० | ३८५२ | ४५५८२ |
| नवराज तिवारी | ३४७८० | ३७९९० | ४१७३० | ३८५२ | ४५५८२ |
| डिम्वेश्वरी पौडेल | ३४७८० | ३७९९० | ४१७३० | ३८५२ | ४५५८२ |
| मोहन प्र तिम्लिसना | ३५७२० | ४०५२४ | ६२४५२ | ५७६० | ६८२१२ |
| जम्मा | | | | | २५९४९९ |

५७

**बढी भुक्तानी**

८७,७८०

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा खर्च गर्दा खर्चका विल भर्पाइ सहित लेखा राखुपर्ने व्यवस्था छ । तर पालिकाले देहायका भौचरबाट दिएको भुक्तानीमा कागजात वेगर भुक्तानी दिएको तथा पेश्की फछ्र्यौट गरेको पाइयो । कागजात वेगर भुक्तानी दिएको तथा पेश्की फछ्र्यौट भएको देहायबमोजिमको रकम असुल हुनुपर्ने रु

| भौचर नं | भुक्तानी | भुक्तानी रकम | कागजात संलग्न | बढी भुक्तानी |
|---|---|---|---|---|
| १८२२ | शिशिर पौडेल | ८५००० | १५७२० | ६९२८० |
| १८९१ | शिशिर पौडेल | १०००० | ० | १०००० |
| | उदय ब भुजेल | ८५०० | ० | ८५०० |
| जम्मा | | | | ८७७८० |

५८

**आवासिय तालिममा भ्रमण खर्च**

९,८५०

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा खर्च गर्दा खर्चका विल भर्पाइ सहित लेखा राखी रीत पुगे नपुगेको यकिन गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ । प्रमुख प्रशासकिय अधिकृत श्री शिशिर पौडेल देहायका विभिन्न निकायले आयोजना गरेका गोष्टी तथा तालिममा सहभागी हुन जादा आवासिय तालिम रहेको अवस्थामा समेत कार्यालयले निजलाई दैनिक भ्रमण भत्ता र खाजा खानाको विल वापतको रकम भुक्तानी दिएको पाइयो । देहायबमोजिम बढी भुक्तानी दिएको रकम असुल हुनुपर्ने रु

| भौचर नं | कार्यक्रम | पाउनुपर्ने रकम | भुक्तानी रकम | बढी भुक्तानी |
|---|---|---|---|---|
| १६९ | स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन ,नतिजा र समिक्षा गोष्टी (प्रदेश सुशासन केन्द्र) | १०१५० | २०००० | ९८५० |

५९ — ११,७००

**कर कट्टी**

आयकर ऐन,२०५८ को दफा ८८ बमोजिम पारिश्रमिक कर कट्टी गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका भौचरबाट भुक्तानी दिदाँ कर कट्टी नगरी भुक्तानी दिएको पाइयो । देहाय बमोजिम कर कट्टि नगरेको रकम असुल गरी सम्बन्धित राजश्व खातामा दाखिला हुनुपर्ने रु

| भौचर नं | कार्यक्रम | भुक्तानी | प्रशिक्षक | भुक्तानी रकम | पारिश्रमिक कर |
|---|---|---|---|---|---|
| १७५१ | महिला सशक्तिकरण तालिम | महिला सशक्तिकरण उ स | जनकराज पराजुली | ३०००० | ४५०० |
| | | | मिश्रा अधिकारी | ३०००० | ४५०० |
| | | | मुना तामाङ | १८००० | २७०० |
| जम्मा | | | | | ११७०० |

६० — २५,३०४

**आन्तरिक लेखापरीक्षण तर्फको बेरुजु**

आन्तरिक लेखापरीक्षणबाट औंल्याइएका देहायका बेरुजु लेखापरीक्षणको समयमा समेत फछ्र्यौट नभएकोले नियमानुसार असुल फस्यौंट हुनुपर्ने बेरुजुहरु देहाय बमोजिम छन ।

| भौचर नं | विवरण | रकम |
|---|---|---|

| | | |
|---|---|---|
| चालुतर्फ | | |
| ९०५ | साझा इलेक्ट्रिक सप्लायर्सलाई बढी भुक्तानी दिएको असुल हुनुपर्ने | १२९९ |
| १४६४ | नारायणी फर्निचर नारायणगढलाई बढी भुक्तानि दिएको असुल हुनुपर्ने रु | ४८८६ |
| १७९६ | वडा सचिव पुष्पराज आचार्य लाई बैठक भत्ताको कर कट्टा नगरी बढी भुक्तानी दिएको रअसुल हुनुपर्ने रु ले प को क्रममा असुल भई दाखिला | ० |
| नगरपालिका पूजींगतर्फ | | ० |
| १७५ | जस्पाल कालोपत्रे उ स लाई भुक्तानी दिदाँ रोलर भाडाको १० प्रतिशत कट्टा नगरी भुक्तानी दिएको असुल हुनुपर्ने रु | ९१८० |
| २३२ | बकुहलर टोलभित्रका बाटो कालोपत्रे तथा ढल नि उ स लाई कम कन्टिन्जेन्सी कट्टी गरेको असुल हुनुपर्ने रु | ४०७४ |
| ३१६ | रिकन कन्सट्रक्सन लाई भुक्तानी दिदाँ अग्रिम आयकर कट्टी नगरेको रु | १५०० |
| नगरपालिका बिषयगत चालु | | ० |
| २०९ | कृष्ण प्रणामी मन्दिर रंग उपभोक्ता समितिलाई कर कट्टी नगरी भुक्तानी दिएको रु | ४३६५ |
| जम्मा | | २५३०४ |

| | | | | |
|---|---|---|---|---|
| ६१ | | | **छात्रवृत्ति**<br><br>शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८/७९ अनुसार सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थिमध्ये आवासीय, गैरआवासीय, छात्रा र दलित विद्यार्थिहरुलाई छात्रवृति दिने व्यवस्था छ । यस नगरपालिका अन्तर्गतको श्री झुवानी मा.वि लाइ ३८०००० आवासीय छात्रवृत्ति वापतको रकम विद्यालयको खातामा भुक्तानी भएको तर विद्यार्थिलाइ छात्रावृति बुझाएको भरपाई नदेखिएकोले लाभान्वित वर्गले पाए नपाएको यकिन गर्न नसकिएकोले प्रमाण पेश गर्नुपर्ने रु | ३८०,००० |
| ६२ | | | **फर्म वर्कः** | ६३१,२९६ |

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>
फर्म वर्कमा बढी दर सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्दछ। नेपाल सरकारले सडक तथा सडक संरचना निर्माणको नर्म्स अध्यावधिक गरी मिति २०७५।४।२५ मा नेपाल सरकार मन्त्रीपरिषदबाट स्वीकृत गरी प्रकाशित गरेको छ । जसअनुसार सडक निर्माण कार्यको दर विश्लेषण तयार गरी लागत अनुमान तयार गर्नुपर्दछ। उक्त सडक नर्म्स २०७५ को नर्म्स नं २००० मा फर्म वर्कको दर पिसिसि दरको ४ प्रतिशत मात्र हुने उल्लेख छ । जसअनुसार फर्म वर्कको दर प्रति वर्गमिटर रु.३६०.९२ मात्र देखिन्छ । तर पालिकाले फरक नर्म्सको प्रयोग गरी प्रति वर्ग मिटर रु.७८०.३८ प्रयोग गरेको छ । उपभोक्ता समितिलाई लागत अनुमानको दरमा भुक्तानी भएकोले देहाय अनुसार निर्माण कार्यमा निम्नानुसार रकम बढी भुक्तानी भएको देखिएकोले पालिकालाई थप व्ययभार परेको हुंदा नियमित गर्नुपर्ने रु
<table>
<tr><td>गो.भौ.</td><td>उपभोक्ता समितिको नाम</td><td>कार्य परिमाण</td><td>प्रयोग दर</td><td>प्रयोग गर्नुपर्ने</td><td>बढी दर</td><td>बढी भुक्तानी</td></tr>
<tr><td>२३२</td><td>वकुलहर टोल भित्रको वाटो</td><td>२१८</td><td>७७२</td><td>३६१</td><td>४११</td><td>८९५९८</td></tr>
<tr><td>३५०</td><td>शान्तिनगर टोल ढल कालोपत्रे</td><td>२००</td><td>७७२</td><td>३६१</td><td>४११</td><td>८२२००</td></tr>
<tr><td>४८९</td><td>अन्नपूर्ण मार्ग नाला निर्माण</td><td>६५८</td><td>७७२</td><td>३६१</td><td>४११</td><td>२७०४३८</td></tr>
<tr><td>५४२</td><td>गणेश चौकदेखि लालपर्सा नाला</td><td>४६०</td><td>७७२</td><td>३६१</td><td>४११</td><td>१८९०६०</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td>६३१२९६</td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>६३</td>
<td></td>
<td></td>
<td>
सडक ढलानः<br><br>
सडक ढलानमा बढि दरः नेपाल सरकारले सडक तथा सडक संरचना निर्माणको नर्म्स अध्यावधिक गरी मिति २०७५।४।२५ मा नेपाल सरकार मन्त्रीपरिषदबाट स्वीकृत गरी प्रकाशित गरेको छ । जसअनुसार सडक निर्माण कार्यको दर विश्लेषण तयार गरी लागत अनुमान तयार गर्नुपर्दछ। उक्त सडक नर्म्स २०७५ को नर्म्स नं २००० अनुसार मेसिन प्रयोग गरी १:२:४ को पिसिसि गर्ने कार्यको दर प्रति घनमिटर रु.९०२३.४० मात्र हुने देखिन्छ । तर पालिकाले निम्नानुसारका योजनामा मानिसबाट कंक्रीट तयार हुने गरी १:२:४ को पिसिसि कार्यको दर प्रति घनमिटर रु. ९८२७ प्रयोग गरेको छ । उपभोक्ता समितिले पेश गरेको विल तथा फोटो अनुसार सडक ढलान कार्यको लागि मिक्चरको तथा मेसिनको प्रयोग भएको देखिन्छ । जसअनुसार उपभोक्ता समितिले मेसिन प्रयोग गरी कार्य गरेको अवस्थामा समेत मानिसको दरमा भुक्तानी भएको देखिन्छ । ती आईटममा वढी दरले भुक्तानी भई थप व्ययभार परेको छ । यसर्थ पालिकाले अवलम्वन गरेको फरक दरविष्लेषणवाट वढी व्ययभार परेको रकम सम्वन्धमा नियमसम्मत नदेखिएकोले नियमित गर्नुपर्ने रु
</td>
<td>८९३,०२७</td>
</tr>
</table>

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गो भौ नं | उपभोक्ता समिति/निर्माण व्यवसायी | कामको बिबरण | सडक नर्म्स बमोजिमको दर | कार्यालयबाट प्रयोग भएको नर्म्स बमोजिमको दर | फरक दर | मुल्यांकन परिमाण | जम्मा रकम |
| | | | ४।२०७८।०७।१६ | छलाई महतोको घरदेखि मनु | पि.सि.सि १:२:४ | ९०२३ | ११४२६ | २४०३ | ४४.६३ | १०७२४६ |
| | | | १३३।२०७८।१०।०९ | चितवन रा.नि व्यवस्थापन समिति | पि.सि.सि १:२:४ | ९०२३ | ११४२६ | २४०३ | ५६ | १३४५६८ |
| | | | ३५२।२०७९।०१।१९ | चितवन रा.नि कृष्णसार व्यवस्थापन समिति | १:०२:०४ | ९०२३ | ११४२६ | २४०३ | १८८ | ४५१७६४ |
| | | | ३३७।२०७९।०१।१९ | अन्नपूर्ण मार्ग नाला निर्माण | १:०२:०४ | ९०२३ | ११४२६ | २४०३ | ८३ | १९९४४९ |
| | | | जम्मा | | | | | | | ८९३०२७ |

६४

**जटिल संरचना**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले सडक कालोपत्रे, आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका कार्यालय तथा अन्य भवन, ओभरहेड टंकी लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो भने केही सडक पिच गर्ने कार्य निर्माण व्यवसायीवाट गराउने गरेको छ । तसर्थ सम्पूर्ण पिच तथा जटिल कार्य अनिवार्य रुपमा व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट प्रतिष्पर्धात्मक विधिवाट बोलपत्र मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

| गो.भौ. | उपभोक्ता समितिको नाम | लागत अनुमान | पालिकाले लेखेको खर्च |
|---|---|---|---|
| ६६ | निपनी ढुंगावाट कालोपत्रे मर्मत उ.स | ३२७६२३६।०० | २३११६११ |

| | | | |
|---|---|---|---|
| १३२ | शुभ प्रभात टोल सडक कालोपत्रे | १२३९४४०।०० | ८१९००० |
| १२६ | वैरिया स्कूल सडक कालोपत्रे | १३४५४८१।०० | १०७६३८४ |
| १५१ | कालिका मार्ग मर्मत तथा सुधार | १५२७८३३।०० | १२००००० |
| १८० | वनदेवि दोवाटो कालोपत्रे उ.स | ३६५३४२५।०० | २९५५००० |
| २१८ | जस्पाल मार्ग कालोपत्रे उ.स | १५७४७५४।०० | ८५७२८४ |
| २९८ | हरिहरटोल सडक कालोपत्रे | १८५५१८६।०० | १४००००० |
| ३७९ | १ र ९ को सिमानासडक कालोपत्रे | ८६७९१३।०० | ८५३८८२ |
| ४१५ | पडहरिया मैनाहा सडक कालोपत्रे | १३३२७६४।०० | ११५०००० |
| जम्मा | | | १२६२३१६१ |

६५

**ब्रिक वालमा बढी दरः**

१,२६३,२८७

पर्खालमा बढी दर सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० बमोजिम निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्दछ। नेपाल सरकारले सडक तथा सडक संरचना निर्माणको नर्म्स अध्यावधिक गरी मिति २०७५।४।२५ मा नेपाल सरकार मन्त्रीपरिषद्द्वारा स्वीकृत गरी प्रकाशित गरेको छ । जसअनुसार सडक निर्माण कार्यको दर विश्लेषण तयार गरी लागत अनुमान तयार गर्नुपर्दछ। उक्त सडक नर्म्स २०७५ को नर्म्स नं २६०० अनुसार १:४ को स्टोन मेसनरीको दर प्रति घनमिटर रु.७१०९.५६ हुने देखिन्छ । तर पालिकाले फरक नर्म्सको प्रयोग गरी १:४ को स्टोन मेसनरीको दर प्रति घनमिटर रु.१०६३७ प्रयोग गरेको छ । जसअनुसार उक्त योजनाहरुमा १:४ को स्टोन मेसनरीमा प्रति घनमिटर रु.३५३८ बढीका दरले पालिकालाई थप व्ययभार परेको छ । उपभोक्ता समितिलाई लागत अनुमानको दरमा भुक्तानी भएकोले देहाय अनुसार निर्माण कार्यमा निम्नानुसार रकम भुक्तानी भएकोमा पालिकालाई थप व्ययभार परेकोले नियमित हुनुपर्ने रु.

| गो भौ नं | उपभोक्ता समिति/निर्माण व्यवसायी | कामको बिबरण | सडक नर्म्स बमोजिमको दर | कार्यालयबाट प्रयोग भएको नर्म्स बमोजिमको | फरक दर | मुल्यांकन परिमाण | जम्मा रकम |
|---|---|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | दर | | | |
| २२२।२०७८।१२।०१ | हुलाकी मार्ग पुल | स्टोन मेशनरी वर्क १;४ | ७१०९ | १०६३७ | ३५३८ | ५३ | १८७५१४ |
| १६।२०७८।११।२६ | शिवालय जाने क्रियसन पार्क | स्टोन मेशनरी वर्क १;४ | ७१०९ | १०६३७ | ३५३८ | १२० | ४२४५६० |
| ९।२०७८।०९।२७ | वकुलहर कुलो निर्माण | स्टोन मेशनरी वर्क १;४ | ७१०९ | १०६३७ | ३५३८ | १२९ | ४५६४०२ |
| ३९।२०७९।०३।२१ | वुढिकूलो कल्भर्ट नि | स्टोन मेशनरी वर्क १;४ | ७१०९ | १०६३७ | ३५३८ | ५९ | २०८७४२ |
| जम्मा | | | | | | | १२७७२१८ |

| | | | | |
|---|---|---|---|---|
| ६६ | | | **सामाजिक सुरक्षा भत्ता** | |
| ६६.१ | | | सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा भत्ता वित्तरण कार्यविधि, २०७७ बमोजिम गर्नुपर्दछ । सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको आर्थिक वर्ष भित्र विभिन्न कारणले लगत कट्टा गरि सम्बन्धित वैंकमा लाभग्राहिको खातामा भएको रकम सम्बन्धितलाई वा मृत्यु भएर लागत कट्टा भएमा लाभग्राहि वा हकवाला मार्फत पाउने रकम भुक्तानि गरि बाकि रकम फिर्ता गर्नु पर्ने कार्यविधिमा व्यवस्था छ। यस सम्बन्धी नगरपालिकाले यस आर्थिक बर्षमा वैंकबाट फिर्ता गरेको विवरणमा लागत कट्टाबाट भएको विवरण राखेको देखिएन। नगरपालिकाले सो विवरण तयार गरि रकम के कति फिर्ता भयो र बाकि के कति छ भन्ने सम्बन्धमा यकिन गरि फिर्ता गर्न बाकि भए यथासिघ्र दाखिला गर्नु पर्दछ। | |
| ६६.२ | ३०६ | २०७९-३-२४ | घटना दर्ता तथा सामाजिक सुरक्षा सम्बन्धमा नगरपालिका तथा जनप्रतिनिधिलाई तालिम तथा अभिमुखिकरण कार्यक्रममा मिति २०७८।११।२०-२२ मा भएको कार्यक्रममा प्रशिक्षणबापत पञ्जिकरण विभागकका कर्मचारी सन्जित पौडेललाई प्रशिक्षण बापतको प्रति कक्षा ३००० का दरले १८ कक्षाको रु४५९००। र यातायात वापत रु ७५१५ भुक्तानी भएकोमा यातायातबापतको रकम नियमविपरित भएको हुदा अशुल गर्ने रु. | ७,५१५ |
| ६७ | | | **राजस्व लक्ष्य तथा असुलीः**<br><br>पालिकाले यस वर्ष विभिन्न शीर्षकमा (राजस्व वांडफाँड सहित निम्न वमोजिम रु.११ करोड १ लाख ५५ हजार राजस्व असुली गर्ने लक्ष्य राखेकोमा जम्मा रु. ११ करोड ७८ लाख १५ हजार मात्र राजस्व असुली गरी १००.०७ प्रतिशत प्रगति हासिल गरेको छ । लक्ष्य अनुसार राजस्व असुली | |

भएको पाईए पनि राजस्व असुली लक्ष्य न्युन राखेको कारणले उक्त राजस्व असुली गरेको देखिन्छ । वजार संभाव्य क्षेत्रका व्यवसायजन्य क्रियाकलापलाई करको दायरामा ल्याई राजस्व वढोत्तरी गर्न अग्रसरता देखाउनुपर्दछ ।विशेषगरी पालिकाको मूख्य वजार(सौराहा वजार, टांडी, वकुलहर, पञ्चकन्या, जयमंगला, जिरौना, पिठूवा, जुवानी र पर्सानी ) संरक्षण क्षेत्र तथा पर्यटकीय क्षेत्र समेत राजस्वको सम्भाव्यता भएको क्षेत्र रहेको पाईयो । यस क्षेत्र भित्र सञ्चालन रहेका व्यवसायजन्य करदातालाई करको दायरामा ल्याउने तर्फ पालिकाले उपयुक्त नीति अवलम्वन गरी करको दायरा अभिवृद्धि गर्नेतर्फ पहल गर्नुपर्दछ ।

| आम्दानी शीर्षक | अनुमान | यस महिना सम्मको आम्दानी | बाँकि |
|---|---|---|---|
| एकीकृत सम्पती कर | २,५०,००,०००.०० | ३,०१,३५,४९७.०० | (५१,३५,४९७.००) |
| भुमिकर/मालपोत | १,००,०००.०० | ५००.०० | ९९,५००.०० |
| घरजग्गा रजिष्टेशन दस्तुर | ३,६०,००,०००.०० | ०.०० | ३,६०,००,०००.०० |
| घरवहाल कर | १,००,००,०००.०० | १,३३,५२,४९५.७८ | (३३,५२,४९५.७८) |
| सवारी साधन कर (साना सवारी) | २०,०००.०० | ९,०००.०० | ११,०००.०० |
| बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | ३,७५,५१,०००.०० | ०.०० | ३,७५,५१,०००.०० |
| अन्य कर | २०,०००.०० | २४,३२,१२५.०० | (२४,१२,१२५.००) |
| सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | १,००,०००.०० | १,३७,७००.०० | (३७,७००.००) |
| बाँडफाँड भई प्राप्त वन रोयल्टी | ०.०० | ०.०० | ०.०० |
| बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | १६,३६,०००.०० | ०.०० | १६,३६,०००.०० |
| अन्य सेवा शुल्क तथा बिक्री | १५,००,०००.०० | ५,७०,३७५.०० | ९,२९,६२५.०० |
| न्यायिक दस्तूर | ५०,०००.०० | १,२३,४०४.०० | (७३,४०४.००) |
| अन्य प्रशासनिक सेवा शुल्क | २०,००,०००.०० | १०,६८,४३०.०० | ९,३१,५७०.०० |

| | | | |
|---|---|---|---|
| पार्किङ्ग शुल्क | १,००,०००.०० | ०.०० | १,००,०००.०० |
| नक्सापास दस्तुर | १,००,००,०००.०० | १,४१,३९,६२२.५२ | (४१,३९,६२२.५२) |
| सिफारिश दस्तुर | १,३०,००,०००.०० | १,५४,९७,७८७.३२ | (२४,९७,७८७.३२) |
| व्यक्तिगत घटना दर्ता दस्तुर | ४,००,०००.०० | ८,१२,८९०.०० | (४,१२,८९०.००) |
| नाता प्रमाणित दस्तुर | ३,००,०००.०० | २,६९,७८०.०० | ३०,२२०.०० |
| अन्य दस्तुर | २४,००,०००.०० | ५६,५०,६०६.८० | (३२,५०,६०६.८०) |
| व्यावसाय रजिष्ट्रेशन दस्तुर | १,२०,००,०००.०० | १,३३,०९,५८९.९८ | (१३,०९,५८९.९८) |
| रेडियो/ एफ.एम.सञ्चालन दस्तुर | ५०,०००.०० | ९,०००.०० | ४१,०००.०० |
| अन्य क्षेत्रको आय | १०,०००.०० | ८५,६०,२०२.०० | (८५,५०,२०२.००) |
| प्रशासनिक दण्ड, जरिवाना र जफत | १२,००,०००.०० | १२,४०,११४.५० | (४०,११४.५०) |
| धरौटी सदरस्याहा | १,००,०००.०० | ०.०० | १,००,०००.०० |
| अन्य राजस्व | ३,८०,०००.०० | २,१२,१५,०९२.३१ | (२,०८,३५,०९२.३१) |
| सरकारी घर, जग्गा, गुडवील बिक्रीबाट प्राप्त रकम | ५०,०००.०० | ०.०० | ५०,०००.०० |
| बेरूजू | १०,०००.०० | ३,५७,०००.०० | (३,४७,०००.००) |
| जम्मा | ११०१०००००० | ११७८१५४४२.९० | |

| | | | | |
|---|---|---|---|---|
| ६८ | | | **आन्तरिक आय अन्यः** | |
| ६८.१ | | | पालिकाले आर्थिक ऐन २०७८ वमोजिम धेरै जसो शीर्षकमा राजस्व असुल नै गरेको छैन जस्तो सहकारी संस्थावाट शुल्क असुल नगरेको ,पार्किङ्ग शुल्क असुली नै गरेको छैन , मुलुको तेश्रो पर्यटकीय गन्तव्यको रुपमा रहेपनि कुनै शुल्क आम्दानी गरेको छैन यसर्फ ध्यान दिनुपर्दछ । | |
| ६८. | | | पालिकाको असुल गर्नु पर्ने राजस्व बक्यौताको अभिलेख लगत अद्यावधिक राखेको छैन । | |

| | | | | |
|---|---|---|---|---|
| २ | | | | |
| ६८.३ | | | पालिकाले कर निर्धारणका फाइल, ठेक्का फाइल, निर्णय, सम्झौतापत्र बमोजिम उठाउनु पर्ने रकम उठाएको रकम र बाँकी रकमको करदातागत वा सम्झौतागत अभिलेख दुरुस्त राखेको छैन लगत राख्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ६८.४ | | | व्यवसाय दर्ता, संचालन, नवीकरण शुल्कको दर, असुली तथा दाखिला भिडान गरेको छैन त्यस्तै नक्सापास दस्तुर, निर्माण सम्पन्न, ईजाजात शुल्क, घ वर्गको निर्माण लाईसेन्स वितरण शुल्क असूली तथा दाखिलाको अवस्था एकिन गर्न सकिएन | |
| ६९ | | | **फोहरमैला ठेक्का व्यवस्थापन :**<br><br>सार्वजनिक खरिद ऐन.२०६३ को दफा २७ तथा नियमावली,२०६४ को नियम ११० वमोजिम सम्झौता गर्न क वर्षको वाणिज्य वैंकवाट जारी भएको कार्यसम्पादन जमानत पेश गर्नुपर्दछ ।पालिकाले फोहरमैला कर संकलन ठेक्का (२०७९।८० वर्षका लागि) रु.१२०००००।०० लगाउंदा सर्वैभन्दा प्रभावग्राही देखिएको व्यवसायी नेपाल पव्लिक हेल्थ एण्ड ईन्भाईरोमेण्ट फर डेभलपमेण्ट प्रा.लि.ले कवोल गरेको रु.४२०००००।०० मा सम्झौता गरेको देखिन्छ तर आपूर्तकले वोलपत्रसाथ कार्यसम्पादन जमानत पेश गर्नुपर्नेमा वैक अफ काठमाण्डौको १०५००००।०० को २ वटा २०७९।१२।२९ को चेक समावेश गरेको छ । प्राविधिक मूल्यांकन समितिले वोलपत्रसाथ वैक जमानत पेश नगर्ने फर्मलाई प्रतिष्प्रर्धामा प्रभावग्राही नठहर्याई अस्वीकृत गरी दोश्रो(विलन जोन नेपाल) फर्मसंग सम्झौता गर्नुपर्नेमा योग्यता नपुगेको फर्मलाई ठेक्का अवार्ड गरिएको छ । ठेक्का व्यवस्थापन कार्यमा राजस्व शाखाका प्रमुखलाई निर्णय प्रकृयामा सहभागी गराईएको देखिएन, यसरी हतार हतारमा ठेक्का व्यवस्थापन गर्ने कार्य स्वार्थ वाझिने अवस्था श्रेष्ता अध्ययन गर्दा स्पष्ट देखिन्छ । तसर्थ विधि प्रकृया नपुर्याई गरिएको ठेक्का व्यवस्थापन रीत पूर्वक नभएकोले सम्वन्धितलाई जिम्मेवार वनाउनुपर्दछ | |
| ७० | | | **पर्यटन सेवा शुल्कः**<br><br>नगरपालिकाको आर्थिक ऐन, २०७८ को अनुसुची १३ वमोजिम पर्यटन पूर्वाधार तयार भए पश्चात् पर्यटन शुल्क सम्वन्धित सरोकारवाला, व्यवसायी, संघ संस्थाहरुसंगको समन्वयमा लगाईनेछ भन्ने उल्लेख छ जसवमोजिम सार्क मुलुकको पर्यटन प्रति व्यक्ति रु.५० तेश्रो मुलुक पर्यटन प्रति व्यक्ति रु. २०० तोकेकोमा यस वर्ष पर्यटन पूर्वाधारमा रु. ५६१५३३६।०० खर्च गरेकोमा आम्दानी शून्य देखाएको छ । पालिकाको वडा नं ५,६,७ र ८ रहेको कार्यक्षेत्रमा चितवन राष्ट्रिय निकुञ्ज नेपालकै तेश्रो प्रमुख पर्यटकीय गन्तव्य स्थलको रुपमा रहेको र चितवन राष्ट्रिय निकुञ्जको मुल प्रवेशद्धार पालिकाको वडा ६ नं ७ रहेको देखिन्छ । पर्यटन सेवा शुल्क वापत पालिकाको मुख्य आम्दानीको श्रोत हुने देखिन्छ तर यस तर्फ पालिकाले कुनै दीर्धकालीन लक्ष्य तथा प्रगति राखेको छैन, विदेशी पर्यटकलाई राष्ट्रिय निकुञ्जको तथा अन्य पर्यटकीय गन्तव्य स्थलको सुचना प्रचार प्रसार वृत चित्र निर्माण सामाजिक तथा सांस्कृतिक पहिचान झल्कने कुनै सुचना पार्क तथा सेन्टर राखेको देखिदैन, यस तर्फ पालिकाले कुनै पहल गरेको देखिदैन ।चितवन राष्ट्रिय निकुञ्ज कार्यालयको तथ्यांक अनुसार यस आ.व.मा. ३४७८७ पर्यटक संख्या आगमन भएको उल्लेख भने स्वदेशी | |

मात्रै छ १५५६७१ जनाले भ्रमण गरेका छन् यदि आर्थिक ऐनमा प्रति स्वदेशि पर्यटक न्यूनतम् २० का दरले टिकट काटी शुल्क उठाउन सकेमा ३११३४२०।०० समेत उठ्ने देखिन्छ । तर पालिकामा सोवारे कुनै तथ्यांक राखेको देखिदैन । निकुञ्जको तथ्यांक अनुसार पालिकाले साझेदार संस्थाहरुसंग समन्वय गरी प्रवेश विन्दुमा काउण्टर राखी प्रति पर्यटक १५० को दरले टिकट काटी वार्षिक आगमन भएका प्रति पर्यटक रु.५२१८०५०।०० आम्दानी हुने देखिन्छ । सो सम्वन्धमा भक्तपुर नगरपालिकाले कार्यालय परिसरमा पर्यटक सुचना केन्द्र स्थापना गरी आगमन भएका पर्यटकलाई को रेकर्ड व्यवस्थापन गरी आफ्नै जनशक्ति मार्फत प्रति पर्यटक डलर ५० को दरले दस्तुर संकलन गरी वार्षिक रुपमा रु. ४ करोड ८८ लाख राजस्व असुली गरेको छ । यस्तै अनुकरणीय कार्यलाई पालिकाले ध्यान दिई राजस्वको दायरा विस्तार गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

पर्यटक सम्बन्धी विवरण

| महिना | ईकाई | सार्क | | | बिदेशी | | |
|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा | महिला | पुरुष |
| श्रावण | जना | 17 | 20 | 37 | 9 | 11 | 20 |
| भाद्र | जना | 23 | 38 | 61 | 20 | 41 | 61 |
| आश्विन | जना | 77 | 141 | 218 | 115 | 124 | 239 |
| कार्तिक | जना | 301 | 191 | 492 | 541 | 254 | 795 |
| मंसिर | जना | 368 | 412 | 780 | 443 | 587 | 1030 |
| पौष | जना | 911 | 1131 | 2042 | 475 | 623 | 1098 |
| माघ | जना | 106 | 201 | 307 | 242 | 355 | 597 |
| फाल्गुन | hgf | 459 | 569 | 1028 | 712 | 865 | 1577 |
| चैत्र | hgf | 979 | 1269 | 2248 | 1444 | 1657 | 3101 |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | बैसाख | hgf | 1592 | 2129 | 3721 | 1774 | 2133 | 3907 | 7628 | | |
| | | | जेष्ठ | hgf | 3041 | 3227 | 6268 | 671 | 885 | 1556 | 7824 | | |
| | | | आषाढ | hgf | 1256 | 1521 | 2777 | 334 | 493 | 827 | 3604 | | |
| | | | **hDdf** | | **9130** | **10849** | **19979** | **6780** | **8028** | **14808** | **34787** | | |

| | | | | |
|---|---|---|---|---|
| ७१ | | | **विज्ञापन कर ठेक्काः**<br><br>सार्वजनिक खरिद ऐन.२०६३ को दफा २७ तथा नियमावली,२०६४ को नियम ११० वमोजिम सम्झौता गर्न क वर्षको वाणिज्य वैकवाट जारी भएको कार्यसम्पादन जमानत पेश गर्नुपर्दछ ।पालिकाले विज्ञापन कर संकलन ठेक्का (२०७९।८०,२०८०।८१ दुई वर्षका लागि) रु.६००००००।०० लगाउंदा सवैभन्दा प्रभावग्राही देखिएको व्यवसायी दिप्सना मल्टिप्रपोज प्रा.लि ले कवोल गरेको रु. ६७९५५३७.५ मा सम्झौता गरेको देखिन्छ । पहिलो पटक ठेक्काको सुचना कारोवार दैनिकमा २०७९।०१।२३ मा सुचना प्रकाशन गरेकोमा १ वटा व्यवसायीले ठेक्का विड गरेको छ । यसरी ठेक्कामा एउटा व्यवसायीले ठेक्का समावेश गरेकोमा प्रतिष्प्रर्धा नहुने हुंदा पुन सुचना प्रकाशित गर्नुपर्नेमा सो नगरि निजलाई सारभूत रुपमा प्रभावग्राही मूल्यांकन ठहर गरी ठेक्का सम्झौता गरेको छ जसमा राजस्व शाखाका प्रमुखलाई निर्णय प्रकृयामा सहभागी गराईएको देखिएन, यसरी हतार हतारमा ठेक्का व्यवस्थापन कार्य स्वार्थ वाझिने अवस्था श्रेष्ता अध्ययन गर्दा स्पष्ट देखिन्छ । तसर्थ विधि प्रकृया नपुर्याई गरिएको ठेक्का व्यवस्थापन रीत पूर्वक नभएकोले सम्वद्ध पदाधिकारीलाई जिम्मेवार वनाउनुपर्दछ । | |
| ७२ | | | **आन्तरिक आम्दानीतर्फः**<br><br>समग्र व्यहोराः<br><br>• **पार्किङ्ग शुल्कः** नगरपालिकाले न.पा भित्रका विभिन्न स्थानवाट पार्किङ्ग शुल्क वार्षिक रु.१०००००।०० असुली गर्ने लक्ष्य राखेको भएतापनि यस शीर्षकमा कुनै शुल्क असुल भएको देखिदैन । पालिका भित्रमा पार्किङ्ग स्थलहरुको पहिचान गरी यसवाट राजस्व संकलन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।<br>• **कवाडी करः** यस शीर्षकतर्फ कुनै राजस्व आम्दानी भएको छैन,सम्भाव्य क्षेत्र खोजी राजस्वको दायरा वढाउने तर्फ ध्यान दिनुपर्दछ ।<br>• **घरवहाल करः** पालिकाको मूख्य वजार(सौराहा वजार, टांडी, वकुलहर, पञ्चकन्या, जयमंगला, जिरौना, पिठूवा, जुवानी र पर्सानी ) रहेको र ती | |

क्षेत्रमा घरवहालको अथाह सम्भावना रहेको देखिन्छ । पालिकाले वार्षिक रुपमा रु १ करोड २० लाख असुल गर्ने लक्ष्य राखेकोमा रु.१ करोड ३३ लाख असुल गरेको छ । पालिकाले घरवहाल असुली प्रयोजनको लागि नगरपालिकाको राजस्व सम्वन्धी सफ्टवयर सांग्रिला वाट २०७९ आषाढ महिनासम्म दर्ता भएका घरवहाल कर तिर्ने करदाताको रहेको देखिन्छ । यस आर्थिक वर्ष रु.२ करोड ७७ मात्र असुल गरेकोमा पालिकाले करदाताको अभिलेख व्यवस्थित नराखेकोले कति उठ्नुपर्ने थियो सम्भाव्यता अध्ययन नगरी अनुमानको भरमा लक्ष्य राखेको छ । खासगरी स्थानीय सरकार गठन भएपछी राजस्वको मूल श्रोतको रुपमा रहेको वहाल करको असुली अध्ययन गर्दा सन्तोषजनक रहेको पाईएन । पालिकाले घरधुरि सर्वेक्षण गरी राजस्व सिस्टममा प्रविष्टी गरी लगत अद्यावधिक गर्नुपर्ने देखिन्छ ।

- **व्यवसाय कर:** स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार आफनो क्षेत्र भित्रका व्यवसायीहरुलाई तोकिए बमोजिम दर्ता तथा बार्षिक व्यवसाय कर स्थानीय निकायले उठाउन पाउने व्यवस्था छ। यस न.पा.ले व्यवसाय कर वाट यो बर्ष रु १३३०९५८९मात्र आम्दानि भएको पाइयो। व्यवसायी तथा उधोग बाणिज्य संघसंग समन्वय गरि व्यवसाय कर असुलीलाइ प्रभावकारी बनाउनु पर्ने देखिन्छ ।
- **वक्यौता व्यवस्थापन प्रणाली:** पालिकाले राजस्व व्यवस्थापन गर्नको लागि सांग्रिला सफ्टवयर सञ्चालनमा ल्याएको भएतापनि कति करदाताले नियमित कर दाखिला गरेका छन् कतिले वुझाउन वांकी छ त्यस्तो रेकर्ड व्यवस्थापन नहुंदा कर असुलीमा कठिनाई परेको छ । सफ्टवयरलाई अद्यावधिक गरी वक्यौता व्यवस्थापन गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

७३

**संपरीक्षण तथा अनुगमन**

आर्थिक कायांविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७५ को दफा ३९ बमोजिम कार्यालयले बेरुजू फछ्र्यौट गरि दफा ४० वमोजिम सम्परीक्षणको लागी अनुरोध गर्नुपर्ने व्यवस्था छ । कार्यालयले देहाय बमोजिमको बेरुजु रकम संपरीक्षणको लागि पेश गरेकोमा फछ्र्यौट भएको छ । अन्य बेरुजुको हकमा कार्यालयले संपरीक्षण गराउने तर्फ ध्यान दिनु पर्दछ ।

| आ.व. | वेरुजु दफा नं. | वेरुजुको संक्षिप्त व्यहोरा | फछ्र्यौटको आधार | | | | सम्परीक्षण |
|---|---|---|---|---|---|---|---|
| | | | असुली | प्रमाण | नियमित | पेश्की | |
| २०७३।७४ | २९।१ | अग्रिम आयकर असुल भएको प्रमाण पेश | २४०० | ० | ० | ० | २४०० |
| २०७३।७४ | १४।६ | फुल्चोकीदेखि टारबाटो ग्राभेल उ स को ढुवानी बहाल कर असुल | १४९६० | ० | ० | ० | १४९६० |
| २०७४।७५ | २६।८ | द्धारिकादास माविको शिक्षक पुरुषोत्तम अधिकारीको बढी तलव असुल | ६५४७० | ० | ० | ० | ६५४७० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २०७५।७६ | ३७ | सिता खनाल तथा राधा पौडेलबाट असुल | १८७०० | ० | ० | ० | १८७०० |
| २०७५।७६ | ३०।३ | नेपाल नमुना मा विको भवन निर्माणको आकास निर्माण सेवाद्धारा रु ८५१७६४२।९१ को कार्यसम्पन्न प्रतिवेदन पेश | ० | ८४५३५६२ | ० | ० | ८४५३५६२ |
| २०७५।७६ | ४४ | पि के निर्माण सेवाबाट पूर्वनिर्धारित क्षतिपूर्ति असुल गरी दाखिला | ३१२२९ | ० | ० | ० | ३१२२९ |
| २०७५।७६ | ५२ | पि के निर्माण सेवाबाट अग्रिम आयकर असुल गरी दाखिला | ३९२३ | ० | ० | ० | ३९२३ |
| २०७६।७७ | ५३ | युनिभर्सल सप्लायर्सबाट बढी भुक्तानी असुल | २०००० | ० | ० | ० | २०००० |
| २०७६।७७ | ४५ | पि के निर्माण सेवाबाट अग्रिम आयकर असुल गरी दाखिला | ९८७१ | ० | ० | ० | ९८७१ |
| २०७६।७७ | ८० | नेपाल नमुना मावि को भवन निर्माण कार्यको रु १५००००००।०० मध्ये रु २५१०२७। कार्यसम्पन्न पेश | ० | २५१०२७ | ० | ० | २५१०२७ |
| जम्मा | | | १६६५५३ | ८७०४५८९ | ० | ० | ८८७११४२ |